# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ५६ | काठमाडौं | आइतबार, ३ असार २०८० | Prabhab National Daily | Sunday, June 18, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५/-


सात प्रदेशका बजेट

# कर्णालीले बढाउँदा ६ प्रदेशले घटाए आकार




■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकका सातवटा प्रदेशले संवैधानिक समयसीमाभित्रै आगामी आर्थिक वर्ष २०८०/८१ का लागि बजेट सार्वजनिक गरेका छन् । असार १ गते प्रदेशसभामा अनिवार्य बजेट पेस गर्नुपर्ने व्यवस्थाबमोजिम ६ वटा प्रदेशका सरकारले उक्त दिन बजेट प्रस्तुत गरे । कोशी प्रदेशले भने एक दिनअघि ३२ जेठमा नै अध्यादेशमार्फत बजेट ल्याएको थियो ।

छ प्रदेश सरकारले आगामी वर्षको बजेट घटाउँदा कर्णालीले भने केहीमात्रमा बढाएको छ । संघबाट प्राप्त हुने अनुदान घट्नु र स्रोत कम भएको भन्दै प्रदेशहरूले बजेट घटाएका हुन् । त्यसो त संघमा पनि यसपटक बजेट घटाइएको छ ।

आगामी आर्थिक वर्ष २०८०/८१ का लागि सात प्रदेशले ल्याएका बजेट दुई खर्ब ७९ अर्ब ६० करोड रूपैयाँ पुगेको छ । जबकि चालु आर्थिक वर्षमा तीन खर्ब पाँच अर्ब ४२ करोड बराबर थियो । यसपटक झण्डै २६ अर्ब रूपैयाँले बजेट घटेर आएको हो ।

**कोशीमा ३६ अर्ब**

कोशी प्रदेश सरकारले आगामी आवका लागि ३६ अर्ब २४ करोड रूपैयाँ बराबरको बजेट ल्याएको छ । अल्पमतमा रहेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बिहीबार अध्यादेशमार्फत आगामी आवको बजेट सार्वजनिक गरेका हुन् ।

आर्थिक मामिला तथा योजनामन्त्रीसमेत रहेका मुख्यमन्त्री कार्कीले मन्त्रालयको सभाहलबाट बजेट सार्वजनिक गरे । उनले कूल विनियोजनमध्ये चालु खर्च १४ अर्ब ३९ करोड ६२ लाख, (बाँकी पृष्ठ २ मा)

# राष्ट्रपति पौडेल फेरि अस्पताल भर्ना



**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेल पुन: अस्पताल भर्ना भएका छन् ।
राष्ट्रपति पौडेल शुक्रबार राति काठमाडौंको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालको मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा भर्ना भएका हुन् ।

मुटुको चाल निगरानी गर्न आवश्यक भएकाले अस्पताल भर्ना गरिएको सेन्टरका कार्यकारी निर्देशक प्रा.डा. रत्नमणि गजुरेलले जानकारी दिएका छन् । राष्ट्रपतिको उपचार चलिरहेको र स्वास्थ्य अवस्था स्थिर रहेको कार्यकारी निर्देशक गजुरेलले बताए ।

२५ फागुनमा राष्ट्रपतिमा निर्वाचित भएका रामचन्द्र पौडेलको स्वास्थ्यमा दिनानुदिन समस्या थपिएको छ । जेठ ३० मा मात्र राष्ट्रपति पौडेल छाती दुखेर काठमाडौंको बाँसबारीस्थित सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा उपचारका लागि भर्ना भए । अस्पतालमा भर्ना हुनासाथ पौडेलको छातीको एनजिओग्राम गरिएको थियो । भोलिपल्टै जेठ ३१ गते पौडेल अस्पतालबाट डिस्चार्ज भएका थिए ।

दम र ग्यास्ट्रिकबाट पीडित पौडेलको छाती दुखेपछि मुटुको परीक्षणका लागि अस्पताल लगिएको हो । पहिलोपटक राष्ट्रपति चैत १८ गते शिक्षण अस्पताल भर्ना भएका थिए, पौडेल । पेटमा समस्या देखिएपछि राष्ट्रपति पौडेल उपचारका लागि शिक्षण अस्पताल पुगेका थिए । त्यतिबेला उपचारमासंलग्न (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# आजदेखि पाँच हजारमै पासपोर्ट




**काठमाडौं (प्रस)–** राहदानी विभागले आज (असार ३ गते)बाट ६६ पृष्ठको राहदानी उपलब्ध गराउने भएको छ । विभागले आजबाट लागू हुनेगरी सेवाग्राहीलाई ६६ पृष्ठको राहदानी उपलब्ध गराउने भएको हो । सम्बन्धित जिल्लाबाट लिन चाहेमा पाँच हजार रूपैयाँमा उपलब्ध गराउने विभागले जनाएको छ । यसअघि जिल्ला प्रशासन कार्यालयले १० हजार रूपैयाँमा उपलब्ध गराउँदै आएको राहदानी आजदेखि पाँच हजार रूपैयाँमा उपलब्ध गराउने भएको विभागका निर्देशक तथा प्रवक्ता दुरपदा सापकोटाले बताए ।

'सम्बन्धित जिल्लाबाट राहदानी लिएको खण्डमा पाँच हजार रूपैयाँ लाग्ने र राहदानी विभागबाट लिन चाहेमा १२ हजार रूपैयाँ लाग्नेछ,' उनले भने । यसैगरी हराएको र बिग्रिएको राहदानीको हकमा विभागबाट लिन चाहेमा १७ हजार रूपैयाँ तथा जिल्लाबाट लिन चाहेमा १० हजार रूपैयँ लाग्नेसमेत प्रवक्ता सापकोटाले जानकारी दिए ।

गत जेठ २४ गते बसेको मन्त्रिपरिषद् बैठकले ६६ पृष्ठको राहदानी ३४ पृष्ठको राहदानीबराबरको मूल्यमा सेवाग्राहीलाई उपलब्ध गराउने निर्णय गरेको थियो । यसअघि राहदानी विभागले जिल्ला प्रशासन कार्यालयबाट 'फ्रिक्वेन्ट फ्लायर' (समय-समयमा विदेश गइरहने) लाई ६६ पृष्ठको राहदानी १० हजार रूपैयाँमा सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको थियो । राहदानी विभागले शुक्रबार ७७ वटै जिल्ला प्रशासन कार्यालय, राहदानी सेवा प्रदान गर्ने इलाका प्रशासन कार्यालय र विदेशस्थित सबै नेपाली नियोगलाई परिपत्र गरेर राहदानी दस्तुरसम्बन्धी जानकारी गराइएको जनाएको छ ।

> यसअघि जिल्ला प्रशासन कार्यालयले १० हजार रूपैयाँमा उपलब्ध गराउँदै आएको राहदानी आजदेखि पाँच हजार रूपैयाँमा उपलब्ध गराउने भएको विभागका निर्देशक तथा प्रवक्ता दुरपदा सापकोटाले बताए ।

शुक्रबार पत्राचार गरिएको उक्त परिपत्रमा मन्त्रिपरिषद्को निर्णयअनुसार ६६ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुर ३४ पृष्ठको साधारण विद्युतीय राहदानीको दस्तुरसरह कायम गर्नेगरी संशोधन गरिएको र असार ३ गते आइतबारदेखि संशोधित दस्तुर लागू गर्न निर्देशन दिइएको विभागले शुक्रबार जानकारी दिएको थियो ।

# जनताबाट निर्वाचित 'कूकर्म'ले निलम्बित


टोपबहादुर रायमाझी


लक्ष्मी महतो कोइरी


टेकबहादुर गुरुङ

- टोपबहादुर रायमाझी, लक्ष्मी महतो कोइरी र टेकबहादुर गुरुङ निलम्बनमा
- निलम्बित तीनै सांसदविरुद्ध फौजदारी कसूर
- संसद्को यही कार्यकालमा अरूण चौधरीको सांसद पद निलम्बित तर हाल कायम
- सांसद रवि लामिछानेको पद नै खारेज तर उपनिर्वाचनबाट फेरि अनुमोदित
- अघिल्लो संसद्मा चार सांसदको पद निलम्बित

■ जेबी योञ्जन

**काठमाडौं–** जनताले प्रतिनिधिको रूपमा चुनावबाट छानेर संसद् पठाएका सांसदहरूको पद निरन्तर निलम्बनमा परेका छन् । विधायकको भूमिकामा ऐन कानुन बनाउने मुख्य कार्यभारसहित जनताबाट चुनिएका उनीहरूको सांसद पद फौजदारी अभियोगमा निलम्बनमा परिरहेका हुन् ।

केही त जेलसमेत पुगेका छन् । यसबाट राजनीतिमा बढ्दो आपराधीकरण उदांगिएको टिप्पणी भइरहेको छ । पछिल्लोपटक शुक्रबार अर्घाखाँचीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य एवं नेकपा एमालेका सचिव टोपबहादुर रायमाझीको सांसद पद निलम्बनमा पऱ्यो । पुर्पक्षका लागि उनी कारागर चलान भएका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणसँग सम्बिन्धत ठगी, राज्यविरुद्धको अपराध, लिखत कीर्ते, संगठित अपराध र एकीकृत कसूरसम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौंका न्यायाधीश प्रेमप्रसाद न्यौपानेले उनीसहित १६ जनालाई जेल पठाएका हुन् । मुद्दामा दोषी नै ठहरिए भने उनको सांसद पद नै खारेज हुने (बाँकी पृष्ठ ३ मा)


## भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश
### उद्योग तथा व्यवसायका लागि

१. विक्रेताले विक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६. नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाइ गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानी पुयाउने वस्तु तथा सेवाको बिक्री बितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएकफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**

# ‘बागमती सफा बनाउन सबैको भूमिका आवश्यक’



**काठमाडौं (प्रस)–** सहरी विकासमन्त्री सीता गुरुङले बागमती सफा गर्न नागरिक र सरकार सबैको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने बताएकी छिन् । उनले सरकारले बागमतीसहित काठमाडौं उपत्यकाका नदीलाई सफा राख्न र सौन्दर्यकरण गर्न विभिन्न परियोजनाहरू सञ्चालन गरिरहेको र त्यसकालागि थप नागरिक सक्रियता र खबरदारी आवश्यक रहेको बताइन् ।

शनिबार काठमाडौंका गुहेश्वरीमा निर्माण भएको ढल प्रशोधन केन्द्र र बागमती करिडोरको स्थलगत निरीक्षणपछि मन्त्री गुरुङले भनिन्, ‘बागमतीलाई सफा गर्न, सुन्दर बनाउन सरकारले यी परियोजनाहरू सञ्चालन गरेको छ । तर, बागमती अझै संङ्लो भइसकेको छैन,’ उनले भनिन्, ‘नदीमा फोहोर फ्याँक्ने, ढल बगाउने र प्रदुषित गर्ने काम यसको वरपर बसेका हामीहरूबाटै भइरहेको छ । त्यसैले बागमती सफाइका लागि नागरिकको पनि थप सक्रियता र खबरदारी आवश्यक छ ।’

उनले बागमती सफाइका लागि लामो समयदेखि स्वयंसेवी अभियान सञ्चालन भइरहेको भन्दै त्यसको प्रशंसासमेत गरिन् । मन्त्री गुरुङले नदीहरूमा फोहोर नफाल्ने र घरहरूबाट निस्किएको ढललाई मात्रै प्रशोधन गर्न सकेको अवस्थामा छोटो समयमै बागमतीलाई सफा र स्वच्छ बनाउन सकिने बताइन् । ‘घर घरबाट निस्किएको ढल त्यतिकै नदीमा मिसिइरहेको छ, त्यही ढललाई हामीले प्रशोधन गर्न गुहेश्वरीको यो ढल प्रशोधन केन्द्र हो, यो पहिलो र परीक्षणका लागि गरिएको नमुना परियोजनासमेत थियो,’ उनले भनिन्, ‘यसले बागमतीमा मिसिँदै आएको ढललाई प्रशोधन गर्न सफल भएको छ । त्यसकारण सरकारले थप सात वटा यस्तै प्रशोधन केन्द्रहरू बनाइरहेको छ ।’

उनले ती सबै प्रशोधन केन्द्रहरू निर्माण भएको अवस्थामा नदी सफाइका लागि थप मद्दत पुग्ने बताइन् । हाल गुहेश्वरीमा सञ्चालित ढल प्रशोधन केन्द्रबाट दैनिक ३ करोड २० लाख लिटर पानी प्रशोधन हुँदै आएको छ ।

## राष्ट्रपति पौडेल...

पृष्ठ १ बाट जारी

चिकित्सकका अनुसार राष्ट्रपति पौडेलको छाती मुनी पेट र बाँया कोखा दुख्ने समस्या थियो । पौडेल अघिल्लो दिन १७ गते पनि अस्पताल पुगेका थिए । उक्त दिन उनको अल्ट्रासाउण्ड, एक्सरे र रगत जाँच गरिएको थियो ।

पौडेल पाँच दिन अस्पताल बसी स्वास्थ्यलाभ गरेर शिक्षण अस्पताल महाराजगञ्जबाट शीतलनिवास फर्किएका थिए । अस्पतालका प्रशासन प्रमुख वैकुण्ठप्रसाद थपलियाले पौडेल स्वास्थ्यलाभ गरी डिस्चार्ज भएको बताएका थिए । राष्ट्रपति बिरामी भएको केही दिनमा चैत २४ गते शितलनिवासले डा. निरज बमलाई पौडेलको निजी चिकित्सकको रूपमा नियुक्ति दियो । डा. बम छाती रोग विशेषज्ञसमेत हुन् ।

त्यतिबेला राष्ट्रपति पौडेललाई केही समय पूर्णरूपमा आराम गर्न चिकित्सकले सुझाव दिएका थिए । त्यसको केही समयपछि वैशाख ५ गते राष्ट्रपति पौडेल फेरि अस्वस्थ भए । शितलनिवासमै बेहोस भएपछि उनी त्रिवि शिक्षण अस्पतालमा भर्ना भए ।

स्वास्थ्यको गडबढी नेपालमा ठीक हुने नदेखिएपछि शिक्षण अस्पताल चिकित्सकले पौडेललाई थप उपचारका लागि भारत लैजान सुझाएका थिए । लगत्तै वैशाख ६ गते पौडेललाई एयर एम्बुलेन्समार्फत भारत लगिएको थियो ।

त्यसअघि वैशाख ४ गते पेटमा समस्या देखिएपछि फलोअपका लागि राष्ट्रपति पौडेल अस्पताल पुगेका थिए । त्यतिबेला उनको बायाँ छातीको तल्लो भागबाट भिडियो एक्सरेको सहायताले पानी निकाली परीक्षणको लागि पठाइएको थियो । स्वास्थ्य अवस्था सामान्य रहेको भन्दै अस्पतालले तत्कालै निवास पठाएकोमा पौडेल पुनः अस्वस्थ भएका थिए ।

भारतबाट उपचारपछि वैशाख १७ गते पौडेल नेपाल फर्केका थिए । दोस्रोपटक पौडेलको अस्पताल बास १२ दिनको रह्यो । पछिल्लो दिनहरूमा पौडेल शितलनिवासमै आराम गरिरहेका थिए । स्वस्थ्यमा समस्या देखिएपछि कमै मानिससँगमात्र भेटघाटको कार्यक्रम हुन्थ्यो । सरकारको नीति तथा कार्यक्रमसमेत पौडेलले पेस गर्न नसक्ने चर्चा चलेको थियो । यद्यपि, पौडेल सकीनसकी संसद् पुगे र नीति तथा कार्यक्रम पेस गरे । नयाँ बानेश्वरस्थित संसद् भवन पुगेर सलामी ग्रहण गर्दासमेत पौडेलका अवस्था कमजोर देखिन्थ्यो ।

राष्ट्रपति पौडेललाई के भएको हो ? दम, ग्यास्ट्रिक र पेटमा समस्या देखिएको भनिए पनि यसबारे अझै प्रस्ट पारिएको छैन । पौडेललाई पिसाबसम्बन्धी समस्या रहेको बताइए पनि शितलनिवासले भने रोगलाई गोप्य नै राखेको छ ।

## कर्णालीले बढाउँदा...

पृष्ठ १ बाट जारी

पुंजीगत खर्च १८ अर्ब २३ करोड ४२ लाख, वित्तीय व्यवस्थातर्फ एक करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ६० करोड २९ लाख रूपैयाँ रहेको छ । चालु खर्चमध्येमा संघीय अनुदान बचत फिर्तातर्फ दुई अर्ब रूपैयाँ रहेको छ ।

सार्वजनिक भएको बजेटमा आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट चार अर्ब ५७ करोड ७८ लाख, राजस्व बाँडफाँटबाट ११ अर्ब ६४ करोड ८१ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ७८ करोड ३८ लाख, ससर्त अनुदानबाट पाँच अर्ब ८४ करोड ३२ लाख, समपूरक अनुदानबाट ७३ करोड र विशेष अनुदानबाट ७६ करोड रूपैयाँ गरी राजस्व तथा वित्तीय हस्तान्तरण गरी जम्मा ३२ अर्ब ३४ करोड २९ लाख रूपैयाँ खर्च व्यहोर्ने जनाइएको छ । बाँकी अपुग रकम नगद मौज्दातबाट तीन अर्ब ७५ करोड एक लाख तथा वैदेशिक अनुदानबाट १५ करोड चार लाख रूपैयाँ व्यहोर्ने सार्वजनिक बजेटमा उल्लेख छ ।

प्रदेश सरकारले कोशी प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रमका लागि एक अर्ब ५० करोड बजेट विनियोजन गरेको छ । उक्त रकममध्ये प्रत्यक्ष निर्वाचित सांसदले दुई करोड र समानुपातिक सांसदले एक करोड रूपैयाँको योजना छनोट गर्न पाउने छन् । यो बजेट प्रदेशसभा सदस्यले निर्वाचन क्षेत्रअन्तर्गतको सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा, पर्यटन, खेलकुद र सामाजिक आर्थिक रूपान्तरणको क्षेत्रमा खर्च गर्ने उल्लेख छ ।

### मधेसमा ४४ अर्ब ११ करोड

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। अर्थमन्त्री सञ्जय यादवले आगामी आवका लागि चालुतर्फ १८ अर्ब २१ करोड ७६ लाख १४ हजार रूपैयाँ (४१.३० प्रतिशत) र पुँजीगततर्फ २५ अर्ब ६९ करोड ७० लाख १८ हजार (५८.२५ प्रतिशत) रूपैयाँ र वित्तीय व्यवस्थातर्फ २० करोड (०.४५ प्रतिशत) रूपैयाँको बजेट विनियोजन गरेका छन् । चालु आर्थिक वर्षमा मधेसको बजेट ४६ अर्ब ८८ करोड रूपैयाँ रहेको थियो ।

प्रस्तुत बजेटमा कृषि, स्वास्थ्य, शिक्षा र सिँचाइलाई प्रमुख प्राथमिकतामा राखिएको छ। प्रस्तुत बजेटअनुसार मधेस प्रदेशमा किसानलाई कार्ड वितरण गर्दै विदेश भ्रमणका लागि बजेट विनियोजन गरिएको छ ।

बजेटमा युवालाई कृषिमा लाग्न प्रोत्साहन गर्ने, मुख्यमन्त्री किसान उत्थान कार्यक्रमका लागि १५ करोड रूपैयाँ, नमूना कृषि खेतीका लागि १० करोड रूपैयाँ, कृषिमा आत्मनिर्भर हुनका लागि १० वर्षे गुरुयोजना बनाउन ५० लाख रूपैयाँ, कृषिउपज बजार सेड निर्माणका लागि दुई करोड ४० लाखसहित कृषिका लागि दुई अर्ब ६२ करोड ८५ लाखरूपैयाँ बजेट विनियोजन गरिएको छ ।

### बागमतीको सबैभन्दा ठूलो बजेट

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । शनिबार बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले आगामी आवका लागि बजेट प्रस्तुत गरेका हुन् ।

बागमती प्रदेश सरकारले आगामी आवका लागि चालुतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख नौ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रूपैयाँ विनियोजन गरेको छ । यता खर्च बेहोर्ने स्रोतमध्ये कर राजस्वतर्फ २५ अर्ब १७ करोड २६ लाख र अन्य राजस्वबाट पाँच अर्ब २६ करोड ९४ लाख, संघीय सरकारको वित्तीय हस्तान्तरणबाट १७ अर्ब ८१ करोड २३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ४५ करोड ४७ लाख रूपैयाँ बेहोर्ने अनुमान गरिएको मन्त्री लामाले जानकारी दिए । चालु आर्थिक वर्षमा बागमतीको बजेट ४६ अर्ब ८८ करोडको रहेको थियो ।

### गण्डकीमा ३३ अर्ब

गण्डकी प्रदेशम पनि बजेट घटेर आएको छ । सरकारले आगामी आवका लागि ३३ अर्ब ४२ करोड ७२ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षमा ३५ अर्ब ९० करोडको बजेट रहेकोमा शुक्रबार आर्थिक मामिलामन्त्री जीतप्रकाश आले मगरले ३३ अर्बको बजेट प्रस्तुत गरेका हुन् ।

चालुतर्फ १२ अर्ब ७३ करोड ६७ लाख र पुँजीगततर्फ २० अर्ब १९ करोड चार लाख ६२ हजार रूपैयाँ विनियोजन गरिएको छ। पुँजीगततर्फ कूल बजेटको ६०.४ र चालुतर्फ ३८.१ प्रतिशत बजेट विनियोजन गरिएको हो ।

वित्तीय व्यवस्थातर्फ ५० करोड रूपैयाँ विनियोजन गरिएको मन्त्री मगरले जानकारी दिए । बजेटको स्रोततर्फ संघ सरकारबाट वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ६२ करोड २५ लाख, राजस्व बाँडफाँटबाट नौ अर्ब पाँच करोड ३२ लाख, रोयल्टी बाँडफाँटबाट ४० करोड आठ लाख १६ हजार, ससर्त अनुदानतर्फ चार अर्ब ९४ करोड १५ लाख, समपूरक अनुदानतर्फ ८४ करोड र विशेष अनुदानतर्फ ७० करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व पाँच अर्ब १६ करोड ९१ लख ८४ हजार प्राप्त हुने अनुमान गरिएको मन्त्री मगरले उल्लेख गरे । चालु आवको वार्षिक कार्यक्रम कार्यान्वयनपछि तीन अर्ब नगद मौज्दात बचत हुने र एक अर्ब ७० करोड रूपैयाँ आन्तरिक ऋण उठाउने जनाइएको छ ।

### लुम्बिनीमा ४० अर्बको बजेट

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ४० अर्ब ४७ करोड ८९ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । चालु आव २०७९/८० भन्दा दुई अर्ब १५ करोड कम बजेट आएको छ। चालु आवको बजेट ४२ अर्ब ६३ करोड ५७ लाख रूपैयाँको हो ।

प्रदेश सरकारका तर्फबाट आर्थिक मामिलामन्त्री धनबहादुर मस्कीले आर्थिक वर्ष २०८०/८१ का लागि शुक्रबार लुम्बिनी प्रदेशसभामा प्रस्तुत गरेको बजेटमध्ये चालुतर्फ १३ अर्ब ६३ करोड ३० लाख रूपैयाँ र पुँजीगततर्फ २३ अर्ब २५ करोड ६९ लाख एक हजार रूपैयाँ बजेट विनियोजन गरिएको छ ।

त्यस्तै वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ५८ करोड ९७ लाख बजेट रूपैयाँ विनियोजन गरिएको छ । प्रस्तुत बजेटमा चालुतर्फ ३३.६८ प्रतिशत, पुँजीगततर्फ ५७.४५ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ ८.८७ प्रतिशत रहेको छ। आगामी आर्थिक वर्ष आन्तरिक राजस्वबाट छ अर्ब ७३ करोड ५१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट ११ अर्ब ३१ करोड ७४ लाख रूपैयाँ, संघबाट प्राप्त हुने रोयल्टी २९ करोड रूपैयाँ, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व दुई अर्ब ५० करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब १४ करोड ८३ लाख रूपैया, ससर्त अनुदानबाट पाँच अर्ब ८३ करोड ५९ लाख, समपूरक अनुदानबाट ८४ करोड, विशेष अनुदानबाट ५६ करोड, चालु आवको नगद मौज्दातबाट तीन अर्ब र आन्तरिक ऋणबाट एक अर्ब २५ करोड रूपैयाँ परिचालन हुने अनुमान रहेको छ ।

### कर्णाली बढ्यो बजेट

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि ३३ अर्ब ३७ करोड ९७ लाख रूपैयाँको बजेट सार्वजनिक गरेको छ। आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंहले चालुतर्फ नौ अर्ब २० लाख २४ हजार (२६.९७ प्रतिशत), पुँजीगततर्फ १९ अर्ब ९७ करोड ७२ लाख ४३ हजार (५८.६५ प्रतिशत) र स्थानीय तहको वित्तीय हस्तान्तरणमार्फत चार अर्ब ८० करोड चार लाख ४० हजार (१४.३८ प्रतिशत) रूपैयाँ विनियोजन गरिएको बताए ।

त्यस्तै, आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट ८३ करोड ६२ लाख १२ हजार र चालु आर्थिक वर्षको खर्च नभई बचत हुने अनुमानित सात अर्ब ४१ करोड छ लाख पाँच हजार रूपैयाँ परिचालन गरिएको उनको भनाइ थियो ।

सिंहकाअनुसार संघीय सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेट आठ अर्ब ८४ करोड तीन लाख र वित्तीय समानीकरणबाट प्राप्त हुन आएको १० अर्ब १६ करोड ४१ लाख एवं ससर्त अनुदानबाट चार अर्ब ७५ करोड तीन लाख रूपैयाँ परिचालन गरिनेछ । संघीय सरकारबाट प्राप्त हुने समपूरक अनुदानतर्फ ७६ करोड १६ लाख र विशेष अनुदानतर्फ ६० करोड ७९ लाख रूपैयाँ परिचालन गरिनेछ । चालु आर्थिक वर्षमा कर्णालीको बजेट ३२ अर्ब ६१ करोडको थियो । यसपटक कर्णालीलेमात्र बजेट बढाएर प्रस्तुत गरेको हो ।

### सुदूरपश्चिममा २९ अर्बको बजेट

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि २९ अर्ब २६ करोड ५९ लाख रूपैयाँको बजेट सार्वजनिक गरेको छ। प्रदेशसभाको शुक्रबारको बैठकमा आर्थिक मामिलामन्त्री नरेशकुमारी शाहीले प्रस्तुत गरेको आगामी आवका लागि कूल विनियोजनमध्ये चालुतर्फ नौ अर्ब ५९ करोड ६० लाख दुई हजार, पुँजीगततर्फ १७ अर्ब दुई करोड २३ लाख ६० हजार, अन्तरसरकारी वित्त हस्तान्तरणअन्तर्गत दुई अर्ब ३४ करोड ७५ लाख ७० हजार र वित्तीय व्यवस्थातर्फ ३० करोड रूपैयाँ विनियोजन गरिएको जानकारी दिए ।

साथै, खर्च बेहोर्ने स्रोतमा आन्तरिक राजस्व परिचालनबाट एक अर्ब ५० करोड, नेपाल सरकारबाट प्राप्त राजस्व बाँडफाँट भई प्राप्त हुने नौ अर्ब ४१ करोड १७ लाख, संघीय रोयल्टी बाँडफाँट भई प्राप्त हुने छ करोड ५६ लाख आठ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान आठ अर्ब ५२ करोड तीन लाख, चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने अनुमानित रकम तीन अर्ब ८६ करोड ६७ लाख ससर्त अनुदानबाट प्राप्त हुने अनुमान गरिएको ७७ करोड र विशेष अनुदानबाट प्राप्त हुने अनुमान गरिएको ६२ करोड प्राप्त हुने अनुमान गरिएको छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि मा ३६ अर्ब ७४ करोड ६४ लाख ६५ हजारको बजेट ल्याएको थियो ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार ३ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ३ गते, २०८०, १८ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रधानमन्त्रीको प्रतिबद्धता

# 'हेलम्बुले काठमाडौंबासीलाई लगाएको गुन तिर्छौं'

■ रमेश लम्साल

**अम्बाथान–** २०७८ असार १ गते भीषण बाढी नआएको भए राष्ट्रिय गौरवको आयोजना मेलम्ची खानेपानी आयोजनाको दोस्रो चरणको काम यतिबेला धमाधम चलिरहेको हुन्थ्यो । यांग्री र लार्के खोलाको थप पानी ल्याउने र राजधानी काठमाडौंको तिर्खा मेट्ने योजनाले नयाँ गति लिएको हुन्थ्यो ।

तर, प्राकृतिक विपत्तिका अगाडि केही लागेन । निर्माण सम्पन्न भइसकेको आयोजना पर धकेलियो । जसले वर्षाको समयमा पानी बन्द गर्नुपर्ने अवस्था आइलाग्यो । फलस्वरूप गत वर्षजस्तै यस वर्ष पनि बर्खामा पानी पठाउने कि नपठाउने भन्नेमा मेलम्ची खानेपानी विकास समितिले अझै निर्णय लिन सकेको छैन । मनसुन भर्खर सुरु भएकाले आगामी दिन कस्तो रहला भन्ने अहिल्यै अनुमान गर्न गाह्रो छ ।

सोही आयोजनाको समग्र अवस्थाको बारेमा जानकारी लिन र आगामी योजनाको बारेमा उपयुक्त निर्णय लिनुअघि प्रधानमन्त्री पुष्पकमल दाहालसहितको उच्चस्तरीय टोली शनिबार आयोजनास्थलमै पुग्यो । टोलीमा खानेपानीमन्त्री महिन्द्र राय यादव, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, बागमती प्रदेशसभा सदस्यद्वय युवराज दुलाल र सरल सहयात्री पौडेललगायत थिए ।

सो अवसरमा प्रधानमन्त्री दाहालले आयोजनाको समग्र पक्षका बारेमा जानकारीमात्रै लिएनन्, स्थानीयसँग यसलाई दिगो बनाउने र आयोजनाको दोस्रो खण्डलाई छिट्टै कार्यान्वयनमा ल्याउने वाचा पनि गरे । काठमाडौंलाई पानी पठाएर हेलम्बुले लगाएको गुन तिर्न स्थानीयले राखेका माग सम्बोधन गर्ने प्रधानमन्त्रीले प्रतिबद्धता जनाए ।

आयोजना सञ्चालन गरिरहेको मेलम्ची खानेपानी विकास समिति केही समय अन्योलमा पर्दा परेको उल्झनका साथसाथै पानी पठाउने स्थललाई दिगो र भरपर्दो बनाउने विषयमा पनि प्रधानमन्त्रीले चासोपूर्वक पदाधिकारीको धारणा सुने । सरकारले अगाडि बढाएका राष्ट्रिय गौरवका हरेक आयोजनामा पुगेर तत्काल नै समस्या समाधान गर्ने बताउँदै आएका प्रधानमन्त्री दाहाल नै मेलम्ची पुग्दा मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक कमलराज श्रेष्ठलाई पनि थप बल मिलेको बताए ।



शनिबार मेलम्ची खानेपानी आयोजनाको अनुगमन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहालसहितको उच्चस्तरीय टोली । *तस्बिरः रासस*

उनले भने, 'राष्ट्रिय गौरवका आयोजनाको नियमित र व्यवस्थित सञ्चालनका लागि मुलुकको कार्यकारी प्रमुखले नै चासो लिएर स्थलगत अनुगमन गरेपछि हाम्रा समस्याहरू अब समाधान हुन्छन् भन्ने विश्वास पैदा भएको छ ।'

काठमाडौं पानी पठाउने सुरुङको मुखै अगाडि उभिएर प्रधानमन्त्रीले भने, 'यसलाई सुरक्षित र व्यवस्थित बनाउन के-के गर्नुपर्छ । त्यसका लागि सरकार पूर्ण प्रतिबद्ध छ ।' प्रधानमन्त्रीको सो भनाइलगत्तै कार्यकारी निर्देशक श्रेष्ठले भने, 'त्यसका लागि आवश्यक तयारी भइसकेको छ । हामी सुत्रबद्धरूपमा पेस गर्छौं ।'

आयोजनास्थलका साथै इन्द्रावती नदीको तल्लो र माथिल्लो तटीय क्षेत्रमा नै बाढीले थुपारेको ढुंगा, बालुवा र गेग्रयानको व्यवस्थापन उत्तिकै चुनौतीपूर्ण छ । आयोजनास्थल पुग्ने सडकको अवस्था पनि दुरुहपूर्ण छ । पुनर्निर्माणको काम जारी रहे पनि अपेक्षित गतिमा छैन । यी सबै विषयमा ध्यानाकर्षण गराएपछि प्रधानमन्त्री दाहालले भने, 'आयोजनाको गम्भीरतालाई मध्यनजर गर्दै यसलाई दिगो बनाउन सरकारको तर्फबाट सबै प्रकारको सहयोग उपलब्ध हुन्छ ।'

प्रधानमन्त्रीले स्थानीयको माग सम्बोधन गर्न पनि कुनै कसर बाँकी नराख्ने विश्वास दिलाए । आयोजनास्थल प्रधानमन्त्री आउँदै गरेको थाहा पाएर हेलम्बु गाउँपालिकाका अध्यक्ष निमाग्याल्जेन हचाल्मोलगायतका पदाधिकारी पनि आफ्ना समस्या सुनाउन उपस्थित थिए । मेलम्ची खानेपानी आयोजनाको सुरुङको ७५ प्रतिशत भाग सोही गाउँपालिकाभित्र पर्छ । दोस्रो चरणको यांग्री र लार्के आयोजनाको सुरुङको ५० प्रतिशत भाग पनि सोही गाउँपालिकामा पर्नेछ ।

### कहिल्यै बिर्सदैनन् मेलम्चीबासीले त्यो असार

२०७८ असार १ र सोही वर्षको साउन १६ र १७ गते मेलम्ची खोलामा आएको भीषण बाढीका कारण सो गाउँपालिकामा पर्ने मेलम्ची खोनेपानीको मुहान क्षतिग्रस्त भयो । खोला आसपासमा अधिकांश बस्तीहरू तिम्बु, हल्दे, चिउरीखर्क, किउल बगर, गणेशे, चनौटे, ग्याल्थुम, पाल्चोक बेसीलगायतका ३०९ वटा निजी आवास तथा घर पूर्णरूपमा क्षतिग्रस्त भए ।

व्यावसायिक रूपमा रहेका १० वटा ट्राउट माछा फार्म, एक हजार ८७३ रोपनी खेतीयोग्य जमिन बगरमा परिणत भयो । कूल छ वटा मोटरेबल पुल, सात वटा झोलुंगे पुल पूर्णरूपमा क्षतिग्रस्त भए । आयोजनामा कार्यरत तीन चिनियाँ, तीन भारतीय गरी २४ जनालाई बाढीले बगायो । त्यसमध्ये १५ नेपाली र पाँच विदेशी अझै बेपत्ता छन् ।

बाढी आएको दुई वर्ष पूरा हुँदासमेत बाढीपीडितको समस्या समाधान नभएकामा स्थानीय चिन्तित र आक्रोशित छन् । ती सबै विषयमा प्रधानमन्त्री दाहालले गम्भीरतापूर्वक सुन्दै समस्या समाधानका लागि सरकारले ठोस पहल गर्ने बताए । *रासस*

## 'दोस्रो खण्डको काम अगाडि बढाइन्छ'

प्रधानमन्त्री पुष्पकमल दाहालले मेलम्ची खानेपानी आयोजनाअन्तर्गतको दोस्रो खण्ड यांग्री र लार्केको काम तत्कालै अगाडि बढाइने बताए । स्थलगत निरीक्षणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने, 'मेलम्ची राष्ट्रिय गौरवको आयोजना हो । यस आयोजनालाई समयमै सम्पन्न गर्ने र काठमाडौंबासीलाई स्वच्छ पिउनेपानी उपलब्ध गराउने र यस क्षेत्रका जनतालाई आवश्यक सुविधा उपलब्ध गराउने उद्देश्यका साथ यो आयोजना सुरु गरिएको थियो । काठमाडौंका जनतालाई खानेपानीको समस्याबाट मुक्त गर्ने विषय आफैंमा धेरै संवेदनशील छ ।'

प्रधानमन्त्रीले काठमाडौंबासीलाई पानी खुवाउने यहाँका जनताको पनि आवाज आफूले सुनेको र समस्या समाधानमा प्रतिबद्ध रहेको स्पष्ट पारे । प्राकृतिक विपत्तिले परियोजनामा कल्पना नै नगरिएको क्षति भएको उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले भने, 'यहाँ आएको बाढी कसैले पनि प्रक्षेपण गरेको कुरा होइन । यत्रो बाढी आउला भनेर आयोजना निर्माण गर्ने समयमा इन्जिनियर वा त्यो कसैले पनि परिकल्पना गर्ने विषय पनि होइन ।' उनले दुई वर्ष पहिले असार १ गतेका दिन आयोजनाले समयमै पानी बन्द नगरेको भए सुरुङमा गेग्रयान भरिएर परियोजना नै असफल हुनसक्ने खतरा टरेको स्मरण गरे ।

प्रधानमन्त्रीले विपत्तिको जोखिम कायमै भएकाले अर्को विकल्पको खोजी गर्नुपर्ने र त्यसको आवश्यक तयारी गर्नुपर्ने बताए । सो अवसरमा प्रधानमन्त्री दाहालले कठिन अवस्थामा पनि काठमाडौंमा पानी पठाउन मिहेनत गरेका आयोजनाका इन्जिनियर र प्राविधिकलाई धन्यवाद दिए । उनले आयोजनाको आकस्मिक कामका लागि छुट्टै बजेटको प्रबन्ध गरिनेसमेत जानकारी दिए ।

'खानेपानी आयोजनाको काम सम्पन्न भइहाल्यो भनेर अचानक विकास समिति खारेज गर्ने, काम पूरा नगर्ने अवस्था देखियो,' उनले भने, 'यहाँ तत्काल काम गर्नुपऱ्यो वा अर्को दुर्घटना हुन लाग्यो भने तुरुन्तै केही गर्नुपर्ने अवस्था आए त्यसका लागि सरकारले आवश्यक बजेट विनियोजन गर्नेछ ।'

उनले सो परियोजना सम्पन्न गर्नुका साथै आकस्मिक घटनालाई रोकथाम गर्ने विषयमा आफ्नोतर्फबाट पूर्णसहयोग हुने विश्वास दिलाए । सो अवसरमा खानेपानीमन्त्री महिन्द्र यादवले आयोजनाको दिगो र दीर्घकालीन व्यवस्थापनका लागि ठोस रणनीति बनाएर सरकार अगाडि बढ्ने बताए । उनले आयोजनाको समग्र अवस्था र बाढीलगायतका विषयमा क्यानडाका प्राविधिकले अध्ययन गरिरहेको समेत जानकारी दिए ।

# पाल्पाका सबै पालिका पूर्णखोप सुनिश्चित घोषणा

**रामपुर (पाल्पा)–** पाल्पा पूर्णखोप सुनिश्चित बनेको छ । १० स्थानीय तहका बालबालिका खोपको पहुँचमा आएसँगै सबै पालिका पूर्णखोप दिगोपना सुनिश्चित पालिका बनेका छन् ।

२०७० फागुन १३ गते पाल्पालाई नेपालकै पहिलो पूर्णखोप सुनिश्चित जिल्ला घोषणा गरिएको थियो । चालु आर्थिक वर्षमा पनि जिल्लाका सबै पालिका जेठ मसान्तभित्र पूर्णखोप दिगोपना सुनिश्चित घोषणा गरिएको छ ।

खोप लगाउन छुट भएका बालबालिकाको स्वास्थ्यकर्मीले घरघरमा पुगेर खोजी गरी खोप लगाइएको स्वास्थ्य कार्यालय पाल्पाले जनाएको छ । नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेपछि जिल्लाका सबै पालिका पूर्णखोपयुक्त पालिका घोषित गरिएको हो ।

खोप लगाउन छुटेका बालबालिकालाई स्वास्थ्यकर्मीले खोजी गरी खोपको पहुँचमा ल्याएसँगै पूर्णखोप दिगोपना सुनिश्चित जिल्ला बनाउन सकिएको स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्रकुमार गिरीले बताए । उनले खोप पूर्णरूपमा निःशुल्क हुँदाहुँदै पनि नेपालमा विविध कारणले चार प्रतिशत बालबालिकाले पूर्णमात्राबाट वञ्चित हुने गरेको बताउँछन् ।

'यस वर्ष खोज र खोप अभियानसमेत चलाएको हुँदा नियमित खोप लगाउन छुटेका बालबालिकालाई खोपको पहुँचमा ल्याइएको छ,' उनले भने । अभिभावकले बालबालिकालाई खोप नियमित लगाउन महत्त्व नदिएको हुँदा स्वास्थ्यकर्मी आफैंले अभिभावकलाई फोन गरेर बोलाउनुपर्ने परिस्थिति रहेको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

अझै पनि केही अभिभावकमा आफ्ना बालबालिकालाई नियमित खोप लगाउनुपर्छ भन्ने मानसिकताको विकास हुन नसकेको रामपुर नगरपालिका स्वास्थ्य शाखा प्रमुख गिरिराज घिमिरेले बताए । उनका अनुसार रामपुरमा पाँच जना बालबालिकामध्ये तीन धार्मिक कारण देखाउँदै खोपको पहुँचमा नआएको, दुई बालबालिका आंशिक बसाइ रहेकाले खोपबाट वञ्चित भएको पाइएको छ । मापदण्डअनुसार बच्चा जन्मेको १५ महिनाभित्र विभिन्न १४ प्रकारका खोप लगाउनुपर्छ । पाल्पामा यो वर्ष पहिलोपटक खोप सुरु गर्ने तीन हजार ८० बालबालिका र पूर्णखोप पाउने दुई हजार ९२४ रहेका छन् । जिल्लामा २३ महिनादेखि पाँच वर्ष उमेर समूहका १० जना बालबालिकालाई खोप लगाइएको छ । *रासस*

## जनताबाट...

पृष्ठ १ बाट जारी

संवैधानिक प्रावधान छ ।

उनीभन्दा अघि गत १९ वैशाखमा नेकपा एमालेका सांसद लक्ष्मी महतो कोइरी निलम्बित भएका थिए । कर्तव्य ज्यानसम्बन्धी मुद्दाका कसूरदार कोइरी हाल फरार छन् । उनी प्रहरीको फरार सूचीमा छन् । मधेस आन्दोलनका क्रममा नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक (असई) थमन विकको हत्या गरेको उनीविरुद्ध आरोप छ । रायमाझी र कोइरी निलम्बनमा परेसँगै संसदीय गतिविधिमा सहभागी हुन पाउने एमालेको सांसद संख्या सभामुखसहित ७७ जना छन् ।

मनाङबाट निर्वाचित कांग्रेस सांसद टेकबहादुर गुरुङ भ्रष्टाचारसम्बन्धी मुद्दाका कारण निलम्बित छन् । उनको सांसद पद निलम्बनसँगै मनाङ पनि तत्कालका लागि सांसदविहीन भएको छ । काठमाडौंको फन पार्कमा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा गुरुङविरुद्ध मुद्दा दायर गरेपछि सांसद पद निलम्बनमा परेको हो ।

संसद्को यही कार्यकालमा नागरिक उन्मुक्ति पार्टीका अरुण चौधरीको पनि सांसद पद निलम्बनमा परेको थियो । २०६६ सालमा कैलालीमा ट्र्याक्टरमा आगो लगाएकोसम्बन्धी एउटा घटनामा छ महिनाका लागि थुनामा हुँदा उनको सांसद पद निलम्बनमा परेको थियो । तर, गत ७ फागुनमा प्रजातन्त्र दिवसको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले कैद माफी गरेर रिहा गरेसँगै उनको सांसद पद कायम भएको छ । उनी निर्वाचित भएको भनेको कैलाली-२ बाट हो ।

अरुणभन्दा अगाडि भने सर्वोच्च अदालतबाट पुरानो नागरिकता अवैध ठहर भएपछि तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको मन्त्रीसँगै सांसद पद खारेज नै भएको थियो । रविको निर्वाचन क्षेत्र चितवन-२ हो । १० वैशाखमा उपनिर्वाचन हुँदा पनि त्यहाँबाट फेरि उनी निर्वाचित भएर सांसद छन् ।

तर, राहदानी दुरूपयोगसम्बन्धी एउटा मुद्दा पनि सर्वोच्चमा विचाराधीन छ । युवराज पौडेले 'सफल'ले राहदानी दुरूपयोग गरेको भन्दै पाँच वर्ष कैद सजायको माग दाबी गरेका छन् । यदि, राहदानीसम्बन्धी मुद्दामा दोषी ठहरिए उनको सांसद पद खारेज हुने संवैधानिक प्रावधान छ । हाल संसद्मा रायमाझी, महतो र गुरुङ छैनन् । तीनै जनाको सांसद पद फौजदारीसम्बन्धी अभियोगमा मुद्दा चलेसँगै निलम्बनमा परेको हो ।

प्रहरी स्रोतका अनुसार अझै नक्कली शरणार्थी प्रकरणमा थप सांसद तानिनसक्ने सम्भावना छ । यसअघि प्रकरणका सन्देश शर्मासहितका अभियुक्तहरूले कांग्रेस सांसदहरू डा. आरजु राणा र मञ्जु खाणको नाम बयानको क्रममा पोलेका थिए । तर, प्रहरीले प्रमाण फेला नपरेको भन्दै उनीहरूलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छैन । खुट्टा नकमाई सांसदहरू राणा र खाणलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिएको अवस्थामा प्रमाण फेला पर्ने र त्यस आधारमा उनीविरुद्ध प्रकरणका अभियुक्तहरूलाई जसरी विभिन्न कसूर आकर्षित हुनसक्ने अपराधशास्त्री डा. कृष्णकुमार तामाङ बताउँछन् ।

'पहिलो त प्रहरीले नियन्त्रणमा लिएकै छैन । कम्तीमा प्रकरणमा नाम पोलिँदा त नियन्त्रणमा लिनुपर्छ तर त्यस्तो छैन,' उनले प्रभावसँग भने, 'पक्राउ गरेर अनुसन्धान गरे केही न केही प्रमाण फेला पर्न सक्छ । त्यस्तो अवस्थामा हालका अभियुक्तहरूलाई जस्तै विभिन्न कसूर आकर्षित हुन पनि सक्छ । नहुन पनि सक्छ ।'

यदि, प्रहरीले अपराधशास्त्री तामाङले भनेजसरी पक्राउ गरेर अनुसन्धान गर्दा प्रकरणमा संलग्नताको प्रमाण फेला परेको अवस्थामा मुद्दा चलाइए राणा र खाणको पनि सांसद पद निलम्बनमा पर्ने देखिन्छ ।

अघिल्लो संसद्मा कांग्रेसका मोहम्मद आफ्ताब आलम बम विष्फोटका कारण घाइते भएकाहरूलाई ज्यूँदै इँट्टाभट्टामा लगाएर जलाउने कसूरमा पक्राउ परेपछि उनी निलम्बित भएका थिए ।

हाल उनीविरुद्धको मुद्दा सर्वोच्चमा विचाराधीन छ । कांग्रेसकै अर्का सांसद विजयकुमार गच्छदार ललितानिवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गराएको कसूरमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेपछि निलम्बित भएका थिए । उनी दोषीसमेत ठहरिए ।

जनता समाजवादी पार्टीका हरिनारायण रौनियार पुल निर्माणमा भ्रष्टाचार गरेकोसम्बन्धी कसूरमा अख्तियारले नै मुद्दा चलाएपछि निलम्बित भएका थिए । एमाले सांसद मोहन बानियाँ पनि एक जना शिक्षिकालाई बलात्कार गरेको कसूरमा पक्राउ परेपछि निलम्बित भएका थिए ।



प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मलमा सधैं छल

वर्षे कृषिखेतीका लागि किसान अहिले खेतबारीमा छन् । मानो रोपेर मुरी फलाउने समय पनि यही नै हो । तर, त्यसका लागि आवश्यक रासायनिक मलमा सरकारले छल गरिरहेको छ । रासायनिक मल किसानहरूको पहुँचभन्दा बाहिर पुगेको छ ।

मुलुकको आर्थिक मेरुदण्डको महत्त्वपूर्ण पाटोको रूपमा रहेको कृषि क्षेत्र दशकौंदेखि अलपत्रजस्तै परिरहेको छ । किसानहरूले जसोतसो आफ्नै बलबुताले कृषि उत्पादन गरिरहेका छन् । त्यसका लागि आवश्यक पूर्वाधारमा सरकारले चासो दिन सकेको छैन । कृषि उत्पादनका लागि सबैभन्दा महत्त्वपूर्ण भनेको गुणस्तरीय मलबीउ नै हो । तर, अहिले किसानहरूले धानका लागि गुणस्तरीय बीउ पाउन सकेको अवस्था छैन अनि मलको अभावले छाडेको छैन ।

यस्तो अवस्थामा सरकारले ल्याउने कृषि बजेट किसानहरूका लागि आकाशको फल आँखा तरी मर भनेजस्तै मात्र हो । किसानहरूका नाममा आएको अबौं रूपैयाँ बजेट कागजी किसानहरू झ्वाम पारिरहेका छन् । अनुदानको अनुगमन गर्ने जानेहरू पनि आर्थिक प्रभावमा परेर उत्पादन नै नगरेका वस्तु र बालीलाई पनि उत्पादन भएको गलत तथ्यांक बोकेर आउने गर्दछन् ।

त्यही किसानहरूका लागि अनुदानमा पाउने मलमाथि पटक–पटक छल हुने गरेका कारण पनि पछिल्लो समय किसानहरू कृषि उत्पादन गर्न नै छाडिसकेका छन् । उत्पादन गर्नका लागि आवश्यक मल बीउको अभावमात्र होइन बजारसमेत आफैंले व्यवस्था गर्नुपर्ने छ । अहिले धानको मौसम सुरु भएको छ । तर, सरकारले धान उत्पादनका लागि सहजरूपमा मल दिन सकेको छैन । किसानहरूले रकम तिरेर पनि मल पाउन सक्दैनन् । रासायनिक मल पाउनका लागि दिनभर लाइनमा बसेर पनि एक बोरा मल पाउन धन्न–धन्न परिरहेको छ ।

एकातिर किसानहरूले मल पाएका छैनन् । अर्कोतिर सरकार मल प्रशस्त भएको डिंग हाँकिरहेको छ । यस्तो परिस्थितिमा सरकारले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउँछु भन्नु छलकपट र झुक्याउने खेलमात्र हो भन्दा फरक नपर्ला । उत्पादकत्व वृद्धि गर्नका लागि रासायनिक मल अत्यन्तै जरुरी छ । तर, किसानहरूले मलको अभाव खेप्नु परिरहेको छ । यो परिस्थितिमा कृषि उत्पादकत्व कसरी वृद्धि हुन्छ ? अनि सरकारले भनेजस्तो कृषिमा आत्मनिर्भर कसरी हुन्छ ? सरकारले अन्नदाताका रूपमा रहेका किसानलाई भ्रमको जालोमा राख्ने काम बन्द होस् । सक्छौं किसानले नगद तिरेर किन्ने रासायनिक मलको सहजीकरण गर, होइन भने मलमा हरेक वर्ष छल गर्ने काम बन्द गर ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्य राजभवनमा चन्द्रगुप्तलाई सम्झाउँदै थिए- 'तिमी शोक नगर, यो समय खेर फाल्ने होइन । तिम्रा पिताको किरिया-कर्मपछि तिम्रो राज्याभिषेक हुनेछ, तिमीले आज दुई कार्य गर्नु छ, एउटा राज्यको बागडोर सम्हाल्नु, दोस्रो बाबुको काजकिरिया गर्नु ।'

यो के भन्नुहुन्छ गुरुदेव ! प्रजा मलाई घृणाले हेर्छन्, इतिहासमा मलाई कलंकित नबनाउनुहोस्, चन्द्रगुप्तले भने ।

विजयपछि शकटारलाई चन्द्रगुप्तको सहायतार्थ चाणक्यले नियुक्ति गरे । शकटारतिर हेर्दै चाणक्यले भने- 'नन्दको दाहसंस्कारको व्यवस्था गर्नोस् । चन्द्रगुप्त मगधको शासक बनेको घोषणा गर्नोस् । महानन्दका किरिया कर्म भएपछि राज्याभिषेक हुनेछ ।'

सूर्य अस्ताचलतिर ढल्किरहेथे। शोणनदीका किनारमा महानन्दको चिता बलिरहेथ्यो । सूर्यले आफ्नो रातो किरणद्वारा चिताको अग्निको रातोपनामा अरू रातो थपिरहेका थिए । माटोको शरीर माटैमा बिलाउन आतुर थियो, चन्द्रगुप्त शोकले खडा थिए। उनी सोच्दै छन्- मगधाधिपति, जसका हुकारले सिकन्दरद्वारा बढाइएको पाइला पनि रोकेथ्यो, जो यत्रो राज्यको मालिक त्यही आज एकमुठी धूलो हुँदैछ ।

मरिसकेपछि संसारका राम्रा नराम्रा कुरा सँगै जान्छन् । मानिस ठूलाठूला कुरा पनि चाँडै विर्सन्छ । चिताबाट मानिस आँखाभरि आँसु पार्दै घरतिर फर्किन्छ । केही समयपछि तिनै आँखा हाँस्नु, खेल्नु हासपरिहास आदिमा चम्किन थाल्छन् ।

जुन मुरा यो महलबाट परित्यक्ता बनी निकालिएकी थिइन् उनै फेरि यही महलमा आइन्, तर परिस्थिति उल्टो । पहिलो अवस्थामा यो महलमा रूप र गन्ध सर्वैतिर देखिन्थ्यो । उन्मत्त यौवनपूर्ण नवयौवनाहरू नाचगान र सुगन्धयुक्त भई महलमा शोभा दिन्थे । तर, आज यही महलमा सुनसान एवम् सबैतिर अनुशासित सैनिकको पहरा र मृत्युजस्तो उदासी छ । यी सबै कुरा देखा मुशलाई आश्चर्य लाग्थ्यो ।

एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ सुनले बनेका दुई धसिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

क्रमश:

# 'विश्वसनीयता नै आयोगको सम्पत्ति हो'



**माधवप्रसाद रेग्मी**
अध्यक्ष, लोकसेवा आयोग

*नेपालको सबैभन्दा पुरानो संवैधानिक अंगका रूपमा स्थापना भएको लोकसेवा आयोगले यही असार १ गते ७३औं वार्षिकोत्सव मनाएको छ । निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्ने र निजामती सेवाको पदबाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी लोकसेवा आयोगमा रहने व्यवस्था छ । आयोगले योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, परिचय शून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तअनुसार कार्यसम्पादन गर्ने गरेको छ । प्रस्तुत छ, आयोगको ७३औं वार्षिकोत्सवका सन्दर्भ पारेर आयोगका अध्यक्ष **माधवप्रसाद रेग्मी**सँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख शाखा प्रमुख **कृष्ण अधिकारी** र समाचारदाता **अशोक घिमिरे**ले गरेको कुराकानीः*

**सबैभन्दा पुरानो संवैधानिक अंगका रूपमा रहेको लोकसेवा आयोगले आफ्नो काम कारबाही कसरी अगाडि बढाइरहेको छ ?**

लोकसेवा आयोग नेपालको संवैधानिक अंगमा सबैभन्दा जेठो र पुरानो संवैधानिक अंग हो । आयोग स्थापनाकालदेखि नै छनोटका पद्धति क्रमशः विकास हुँदै आएका छन् । आयोगका योग्यता, निष्पक्षता र स्वच्छताका आधारभूत मूल्य मान्यताअनुसार आयोगले काम गर्दै आएको छ । नेपालमा जारी भएका सबै संविधानले आयोगका बारेमा व्यवस्था गरेका छन् । वर्तमान संविधानको धारा २४२ र २४३ मा आयोगको गठन र काम कर्तव्यका बारेमा व्यवस्था गरिएको छ भने धारा २४४ ले प्रदेश लोकसेवा आयोगको गठनको व्यवस्था गरेको छ ।

**स्थायी सरकारको पदपूर्ति गर्ने विश्वसनीय निकायका रूपमा आयोग रहेको छ । अहिले आयोगका कार्यक्षेत्र विस्तार भएको छ । सरकार मातहत रहेका सम्पूर्ण निकायलाई एक ठाउँमा ल्याएर काम गर्न कत्तिको सहज भइरहेको छ ?**

आयोगलाई विश्वास गरेर नै संविधानसभाले यसभन्दा अगाडि आयोगले प्रत्यक्षरूपमा नहेरेका सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्तिका सम्बन्धमा पनि जिम्मेवारी सुम्पेको छ । नेपाल सरकारको ५१ प्रतिशतभन्दा बढी सेयर भएको संगठित संस्था र कानुनबमोजिम गठन भएको संस्थाको पदपूर्तिका सम्बन्धमा र ती संस्थाहरूको सेवा, सर्तसम्बन्धी कानुनका विषयमा आयोगले परामर्श दिने व्यवस्था गरेको छ । सुरक्षा निकायतर्फ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागसमेतका पदपूर्तिसम्बन्धी परीक्षा सञ्चालन गरेर आयोगले सिफारिस गरिआएको छ । आयोगले अरु सार्वजनिक संस्थानमा बढुवा र विभागीय सजायसम्बन्धी विषयमासमेत परामर्श दिने व्यवस्था गरेको छ भने सुरक्षा निकायको बढुवा र विभागीय सजायसम्बन्धी विषय तत्तत् निकायको प्रचलित ऐन कानुनबमोजिम हुने व्यवस्था छ ।

नेपालको संविधान जारी भएपछि तत्कालै हामीले आयोगमा सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा गठन गऱ्यौं । त्यसपछि सुरक्षा निकाय र संगठित संस्थाका पदपूर्तिसम्बन्धी ऐन, कानुन निर्माण गर्ने र अन्य बन्दोबस्त गर्ने काम गऱ्यौं । त्यसपछि हामीले निरन्तररूपमा यस्ता काम गरिआएका छौं । संविधान जारी भएपछि लोकसेवा आयोग ऐन र नियमावली जारी गर्नु जरुरी थियो । तर, यसबीचमा ऐन र नियमावली जारी नहुँदा केही समय असजिलो भएको थियो । अहिले लोकसेवा आयोग ऐन, २०७९ र नियमावली, २०७९ तयार भएर कार्यान्वयनमा आएको छ । सोहीबमोजिम लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका जारी गरेर हाम्रा कामकारबाहीलाई थप व्यवस्थित पारेका छौं ।

**संविधानमा प्रदेश लोकसेवा आयोगको पनि व्यवस्था गरिएको छ । प्रदेश लोकसेवा आयोगसँग समन्वय कसरी भइरहेको छ ?**

संविधानको धारा २४४ मा प्रदेश लोकसेवा आयोगको व्यवस्था गरिएको छ। प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने भन्ने व्यवस्था छ । त्यसको काम, कर्तव्य र अधिकार प्रचलित कानुनबमोजिम हुनेछ । त्यसको आधार र मापदण्ड संघीय संसद्ले जारी गरेको ऐनबमोजिम हुने भन्ने संवैधानिक व्यवस्थाअनुसार प्रदेश लोकसेवा आयोगको आधार र मापदण्डसम्बन्धी ऐन जारी भएर प्रदेश लोकसेवा आयोगहरू गठन भइसकेका छन् । प्रदेश लोकसेवा आयोगले प्रदेश र स्थानीय तहका सीमित तोकिएको पदपूर्तिका सम्बन्धमा काम गरिआएका छन् । प्रदेश लोकसेवा आयोगले पनि कसरी आफूलाई बलियो बनाउने भनेर केन्द्रसँग लगातार समन्वय गर्न प्रयत्न गरिराखेको छ । हामीले त्यहीअनुसार प्रदेश लोकसेवा आयोगसमेत राखेर लोकसेवा आयोगहरूको केन्द्रीय सम्मेलन आयोजना गरिसकेका छौं । पहिलो सम्मेलन धुलिखेल, दोस्रो सम्मेलन बुटवल र तेस्रो सम्मेलन धनगढीमा सम्पन्न गरेका छौं । त्यसबाट पनि हामीले लोकसेवा आयोगको स्वच्छता, निष्पक्षता र योग्यताको मूल्य मान्यता एवं मर्मलाई त्यही रूपमा कार्यान्वयन गरेर जनता र सबै पक्षबाट विश्वासको वातावरण सिर्जना गर्नका लागि प्रदेश लोकसेवा आयोगलाई साथसाथै लिएर हिँड्न प्रयत्न गरिराखेका छौं । उहाँहरूलाई तत्काल सुरुआती दिनहरूमा दक्ष विज्ञको समस्या पर्न सक्छ, सबै प्रदेशका केन्द्रमा दक्ष विज्ञको उपस्थिति नहुन सक्ने भएकाले समन्वय गर्नका लागि लोकसेवा आयोग अनामनगरस्थित कार्यालयमा हामीले प्रदेश लोकसेवा आयोगहरूको सम्पर्क कार्यालयका लागि केही स्थान उपलब्ध गराएका छौं । उहाँहरूले त्यहाँबाट पनि समन्वय सहकार्य गरिरहनुभएको छ ।

**आयोगको विश्वसनीयता कायम राख्न के कस्ता चुनौती छन् ?**

यसका लागि सदैव चुनौती छ । यस्तो विश्वास आर्जन गरेको, सबैको आस्था र भरोसाको केन्द्र भएका हुनाले सामान्य त्रुटि कहीँ फेला पऱ्यो भने, कसैले गऱ्यो भने यसको इज्जत, मर्यादा र विश्वसनीयता खलल पुग्न सक्छ भनेर हामीले दिन प्रतिदिन अनुगमन गरिराखेका छौं । प्रदेश लोकसेवा आयोगका काम कारबाहीबाट पनि त्यस्तो तलमाथि हुँदा विश्वासको वातावरण बिग्रन सक्ने भएकाले हामीले निरन्तर सजग गराउँदै आवश्यक सल्लाह सुझाव दिइराखेका छौं । आयोगका केही मूल्य मान्यता सिद्धान्त छन्, कोडिङ गर्ने, पहिलो कोडिङ गर्ने, परिचय शून्यता गराउनका लागि दोस्रो कोडिङ गर्ने, उत्तर पुस्तिका परीक्षणका पनि हाम्रो आफ्नै मूल्य मान्यता छन्, अहिले अधिकृतस्तर र सोभन्दा माथिको उत्तरपुस्तिका परीक्षण आयोगको केन्द्रीय कार्यालयमै आएर गर्नुपर्ने अवस्था छ भने सार्वजनिक संस्थानको द्वितीय श्रेणीको लोकसेवा आयोगको कार्यालयमै आएर परीक्षण गर्नुपर्ने व्यवस्था गरेका छौं । राजपत्रांकित द्वितीय श्रेणीभन्दा माथिका पदहरूको लिखित परीक्षा दुई परीक्षकबाट गर्ने व्यवस्था मिलाएका छौं । आयोगको सम्पत्ति भनेकै विश्वसनीयता हो ।

**आयोगको कार्यक्षेत्र विस्तार हुँदै छ, यसले समयमै परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा कुनै प्रभाव परेको छ कि ?**

आयोग कार्यतालिकाअनुसार परीक्षा सञ्चालन र नतिजा सार्वजनिक गर्न सफल हुँदै आएको छ । विगतमा 'क्यालेण्डर'अनुसार पदपूर्तिका तालिका प्रकाशन भए तर कोरोना महामारीका कारण परीक्षा सञ्चालन नभइराखेको अवस्था थियो । दुई वर्षको काम पनि बाँकी नै थियो । त्यसपछि यस अगाडिको आयोगका पदाधिकारी र हाम्रो नियुक्तिमा तीन महिनाको 'ग्याप' भएका कारणले हामीलाई ठूलो संख्यामा पदपूर्तिसम्बन्धी काम गर्नुपर्ने चुनौती हामीलाई थियो । हामीले बहाली भएकै दिन १०० दिने कार्ययोजना जारी गऱ्यौं । त्यसमा हामीले दुई वर्ष कोभिडका कारणले र तीन महिना पदाधिकारी नियुक्ति नभएका कारणले रोकिएका सबै परीक्षा तथा उक्त आर्थिक वर्षका 'क्यालेण्डर अपरेसन'अनुसारका काम र विगतका कामहरू सय दिनभित्र सम्पन्न गर्ने प्रयत्न गरेका छौं । नियमित रूपमा गर्नुपर्ने काम पनि सम्पन्न गर्दै जाने भनेर हामीले सार्वजनिकरूपमा प्रतिबद्धता व्यक्त गऱ्यौं । सो अनुसार थप मिहेनत गऱ्यौं । परीक्षा कार्यक्रम थप गऱ्यौं, अन्तर्वार्ता दुई 'सिफ्ट'मा गर्न थालियो । त्यो अहिलेसम्म कायमै छ । दक्ष विज्ञको सेवा पनि साविकमा भन्दा बढी लिएर हामीले अहिले सामान्य अवस्थामा पुऱ्याएका छौं । कर्मचारी समायोजन तथा केही कारणले सर्वोच्च अदालतमा विचाराधीन रहेका मुद्दाका कारणले रोकिएका परीक्षाबाहेक हामीले अहिले लगभग यो दुई वर्षको अवधिमा 'क्यालेण्डर अपरेसन' पछ्याउन सक्षम भएका छौं । यी काम गर्नका लागि ज्यादै चुनौती छ । यसका लागि दैनिक चार/पाँच वटा परीक्षा सञ्चालन गर्नु परेको छ । आयोग दुई वर्षअघि कमलपोखरी सरेपछि साविकको अनामनगरको कार्यालयको दुई तलामा परीक्षा हल निर्माण गरेका छौं । आयोगले ५०० जनाको परीक्षा आफ्नै हलमा सञ्चालन गर्न सक्ने भएको छ । बाहिर परीक्षा केन्द्र खोज्नुपर्ने अवस्थाको अन्त्य भएको छ । ठूलठूला परीक्षाका लागिमात्र बाहिर हल खोज्नुपर्ने हुन्छ । परीक्षाका कार्यक्रम र पदपूर्तिहरू विगत वर्षदेखि रोकिएर बसेकालाई पनि पुनः सञ्चालन गर्नुपर्ने भएकाले निश्चितरूपमा परीक्षामा चाप परेको छ । तथापि, आयोगका कर्मचारीहरूले मिहेनतका साथ यी काम गरिरहनुभएको छ ।

**यसअघि सार्वजनिक संस्थाले आफ्नै सिद्धान्त र मापदण्डका आधारमा पदपूर्ति गर्दै आएका थिए । लोकसेवासँग जोडिएपछि उनीहरूलाई सहज भएको छ त ?**

हामीलाई भन्दा पनि उहाँहरूलाई केही असजिलो भयो जस्तो लाग्छ । जसले योग्यता, निष्पक्षता र स्वच्छताका साथ कर्मचारी भर्ना गरेर उच्चस्तरको कार्यसम्पादन गर्ने उद्देश्य र लक्ष्य जुन संस्थाले राखेको थियो उहाँहरूलाई यसले धेरै मद्दत गरेको छ । संविधानले नै व्यवस्था गरिसकेपछि असजिलो मान्ने कुरै भएन । आयोगले पनि यो जिम्मेवारीलाई वहन गर्दै आएको छ । नेपालको संविधानले विश्वविद्यालय र शिक्षक सेवा आयोगको कामबाहेक अन्य संस्थामा पदपूर्ति गर्नका लागि परीक्षा सञ्चालन गर्ने, बढुवा र विभागीय कारबाहीसम्बन्धी परामर्श दिनेलगायतको काम आयोगले गर्ने व्यवस्था गरेको छ । संविधान जारी भइसकेपछि जति नेपालमा रहेका विश्वविद्यालयसम्बन्धी ऐनमा सेवा आयोगको व्यवस्था गरेको छ । ती सेवा आयोगमा नेपाल सरकारले अध्यक्ष र एउटा सदस्य नियुक्ति गर्ने र एउटा सदस्य आयोगबाट रहने भन्ने व्यवस्था ऐनमा रहेको हुनाले हामीले प्रभावकारी रूपमा त्यहाँ उपस्थित जनाएका छौं ।

आयोगको सदस्य उपस्थित हुने भनेको त्यहाँका परीक्षाहरू सम्पूर्णरूपमा आयोगको पद्धतिअनुसार सञ्चालन गर्नुपर्छ भनेर हामीले विगत दुई वर्षदेखि सबै विश्वविद्यालयका पदपूर्ति लोकसेवा आयोगका सिद्धान्तबमोजिम प्रश्नपत्र निर्माण, परिमार्जनलगायत गरेका छौं । सेवा आयोगले अन्तर्वार्ता लिएर सिफारिस गर्दछ । शिक्षक सेवा आयोगको सम्बन्धमा पनि आयोग अलग गठन हुने व्यवस्था छ । तर, त्यसको अध्यक्ष र सदस्यको नियुक्ति लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा गठन हुने सिफारिस समितिले गर्ने हुनाले त्यसमा पनि योग्य सक्षम व्यक्तित्वको सिफारिस भएको छ । राष्ट्रिय परीक्षा बोर्ड, चिकित्सा शिक्षा आयोगलगायतमा पनि लोकसेवा आयोगको अध्यक्षको अध्यक्षताको समितिले सिफारिस गर्ने भएको हुनाले समग्र सार्वजनिक क्षेत्रमा आयोगको बलियो उपस्थिति देखिएको छ । संविधान, ऐन, कानुनबमोजिमका जिम्मेवारी हामीले पूरा गरिआएका छौं ।

**पदपूर्ति प्रक्रियामा समावेशितालाई लिएर बेलाबेलामा प्रश्न उठ्ने गरेको छ, केही विषय न्यायालयबाट पनि टुंगो लागेको अवस्था छ, समावेशिताको सम्बन्धमा किन प्रश्न उठ्छ ?**

नेपालको संविधानले मूलरूपमा समावेशी सिद्धान्तलाई अंगीकार गरेको छ । संविधान जारी हुनभन्दा अगाडि २०६४ सालदेखि नै समावेशी सिद्धान्तका आधारमा आरक्षण र सकारात्मक विभेदको व्यवस्था पनि गरिआएको छ । ती आरक्षणका व्यवस्था प्रत्येक १० वर्षमा पुनरावलोकन गर्नुपर्ने भन्ने ऐनमा व्यवस्था रहेकामा अहिलेसम्म पुनरावलोकन भएका छैनन् । यसमा केही विवाद र समस्या अवश्य छन् । यही विषयलाई लिएर केही व्यक्ति सर्वोच्च अदालतसम्म पुग्नुभएको छ । अदालतबाट पनि आदेश जारी भएका छन् । कतिपयले जातीय खालको समावेशीकरणको व्यवस्था भयो, यो त वर्गीय खालको हुनुपर्ने भन्ने कुरा छ भने सर्वोच्च अदालतको फैसलामा पनि त्यो खालको संकेत छ । सर्वोच्चले पूर्णआदेश प्राप्त भएको नौ महिनाभित्र यो यो व्यवस्था गरेर त्यसपछि क्षतिपूर्तिसहित पदपूर्तिको व्यवस्था मिलाउनु भनेर नेपाल सरकारका नाममा आदेश पनि दिएको छ । अब ऐन निर्माणको प्रक्रियामा पनि छ । ऐनमा यी व्यवस्थाहरू आउलान् भन्ने हामीलाई लागेको छ । समावेशिताको सम्बन्धमा एउटै व्यक्तिले पटक-पटक फाइदा पनि लियो, जो मान्छे वर्गीय, आर्थिक अवस्था र क्षेत्रका हिसाबले त्योभन्दा बढी समस्यामा परेकालाई समावेशिताले छोएन भन्ने खालका आमगुनासा पनि रहिआएका छन् । यी राजनीतिक विषय पनि हुन्, संविधान, ऐन, कानुनमा व्यवस्था गर्नुपर्ने विषय हुन् । यी विषय समाधान हुँदै जालान्, जुन खालका व्यवस्था आउँछ आयोगले तदअनुरूप आफूलाई ढालेर ती काम गर्दै जानेछ ।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ कि ?**

आयोग नेपालको संविधानबमोजिम गठन भएको हो । यसका अरु पदपूर्तिको सिद्धान्त निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम हुने व्यवस्था छ । त्यसलाई कार्यविधिगत रूपमा कसरी सम्पन्न गर्ने भन्नेमा लोकसेवा आयोग ऐन, २०७९ र लोकसेवा आयोग नियमावली, २०७९ तथा लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ हामीसँग छ । सार्वजनिक संस्थामा पदपूर्तिसम्बन्धी कामकारबाही कसरी गर्ने भनेर संगठित संस्थाका कर्मचारीको सेवाका सर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४ जारी गरेका छौं । यो बमोजिम हाम्रा कामकारबाही हुन्छ । लोकसेवा आयोगका यी थपिएका जिम्मेवारीलाई पूरा गर्न आयोगको भौतिक अवस्था, यसलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउने विषयसमेतमा दोस्रो रणनीतिक योजना २०७९/८० देखि २०८३/८४ जारी गरेका छौं । आयोगले संविधान, ऐन, कानुनबमोजिम प्रभावकारी रूपमा काम सम्पन्न गरिराखेको छ । नेपाल सरकार, संघीय संसद्, हामीले सेवा पुऱ्याइरहेका संस्था, सञ्चार जगत् र आम प्रतिस्पर्धी परीक्षार्थी तथा अभिभावक, सरोकारवाला व्यक्तिको भावना र विश्वासअनुसार आयोगले आफ्नो कामकारबाही अगाडि बढाउँदै जाने विश्वास दिलाउन चाहन्छु ।

# भिर माहुरीको मह सिकार









खोटाङको केपिलासगढी गाउँपालिका–१ फेदीको तेरावास्थित महभिरमा भिर माहुरीको मह सिकार गरेका छन् । फेदीका साम्पाङ राई समुदायले हरेक वर्षको उँभौली र उँधौली चाडको अवसर पारेर भिर माहुरीको सिकार गर्दै आएका छन् । डोरीमा झुण्डिएर भिरबाट मह निकाल्नु निकै जोखिमपूर्ण भए पनि मह सिकारीहरूले आफ्नो काम फत्ते गरिछाडे । यहाँ भिरमाहुरीको मह सिकारका लागि जाने तयारीदेखि मह लिएर फर्कदासम्मका तस्बिरहरू ।

*तस्बिरः केदार मगर/रासस*

# हेटौंडा उपमहानगरले ल्यायो दुई अर्ब ६० करोडको बजेट

**मनहरी (प्रस)**– हेटौंडा उपमहानरगपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि दुई अर्ब ६० करोड ६५ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ ।

शनिबार आयोजित १३औं नगरसभाबाट उपप्रमुख राजेश बानियाँले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् । उनले आगामी आर्थिक वर्षका लागि खर्च ब्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट ८३ करोड ६६ लाख ६२ हजार, राजस्व बाँडफाँटबाट ५९ करोड १४ लाख १० हजार, प्रदेश सरकारको विभिन्न शीर्षकअर्न्तगत अनुदानबाट तीन करोड ३४ लाख ६८ हजार, संघीय सरकारको अनुदानबाट एक अर्ब १४ करोड ५० लाख रूपैयाँबाट व्यहोरिने जानकारी दिए । उपप्रमुख बानियाँले क्षेत्रगतरूपमा नगरभित्रका विकासका लागि बजेट प्रस्तुत गरेका थिए ।




उपप्रमुख बानियाँले सभामा नगरको प्रगति समीक्षा गर्दै चालु आवमा तीन अर्ब ३३ करोड १३ लाख ४५ हजार संशोधित स्वीकृत अनुमान गरेकामा हालसम्म एक अर्ब ७० करोड ७२ लाख ३८ हजार ९८८ राजस्व तथा अनुदान संकलन भएको जानकारी दिए । उनका अनुसार बजेट तथा खर्चको विवरणअन्तर्गत चालुतर्फ एक अर्ब ५६ करोड ५८ लाख ५७ हजार रूपैयाँ विनियोजन भएकामा एक अर्ब सात करोड ६६ लाख ७० हजार रूपैयाँ खर्च भएको छ ।

उपप्रमुख बानियाँले पुँजीगततर्फ कूल एक अर्ब ६५ करोड ३९ लाख ८७ हजार बजेट विनियोजन भएकामा हालसम्म ७० करोड ७९ लाख १३ हजार रूपैयाँ खर्च भएको बताए । वित्तीय व्यवस्थातर्फ एक करोड १५ लाख रूपैयाँ विनियोजन भएकामा ८५ लाख ६५ हजार रूपैयाँ खर्च भएको उनले जानकारी दिए ।

# गर्मी बढेपछि विद्यालयमा पठनपाठन बन्द

**बेदकोट (प्रस)**– पछिल्लो केही दिनयता गर्मी अत्यधिक बढेपछि कञ्चनपुरको जनजीवन प्रभावित बनेको छ । गर्मीले घरबाहिर निस्किनै सकस भएपछि दैनिक जनजीवन नै प्रभावित बनेको हो ।

गर्मी बढेपछि स्थानीय तहले धमाधम विद्यालयमा पठनपाठन बन्द गर्न थालेका छन् । भीमदत्त, शुक्लाफाँटा र बेलौरी नगरपालिकाले गर्मी बिदा दिएका छन् । शुक्लाफाँटा नगरपालिकाले गर्मी बिदा थपेको छ । अत्यधिक गर्मी बढेकाले विद्यालयका पठनपाठन गर्न कठिनाइ भएपछि असार ३ देखि ६ गतेसम्म गर्मी बिदा थप्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत टेकेन्द्र भट्टले जानकारी दिए । 'केही दिनयता गर्मी अत्यधिक बढ्यो, जसले यहाँको जनजीवन नै प्रभावित बनेको छ,' उनले भने, 'त्यसैले नियमित पठनपाठन गर्न कठिनाइ तथा जोखिम भएकाले विद्यालय बन्द गरिएका हुन् ।'

नगरपालिकाभित्रका निजी तथा सरकारी विद्यालय बन्द गर्न पालिकाले पत्राचार गरेको छ । गर्मीले बालबालिकाको स्वास्थ्यमा पर्नसक्ने सम्भावित प्रतिकूल असरलाई मध्यनजर गर्दै विद्यालय बन्द गर्ने निर्णय गरिएको भीमदत्त नगरपालिका शिक्षा शाखा प्रमुख हरिदत्त जोशीले बताए ।


## VACANCY ANNOUNCEMENT

1. Cook : 01 *Male/Female*

***Qualification/Experience:***
*-Basic education with good experience For cooking In chinese cuisine.*
*Special priority to nepalese citizen*

SALARY IS NEGOTIABLE!!

**Hotel Canton Pvt.Ltd**
Chundevi Kathmandu, Nepal, Tel : 9801012888
E-mail: hotelcanton2023@gmail.com


## गोलिया काठ बिक्री वितरण सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०३)**

यस जनकल्याण सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुलीबाट आ.व. २०७९/८० मा उत्पादन भई मुंगे दोभान, मरिण गा.पा.२, सिन्धुलीमा घाटगद्धी गरी राखिएको विभिन्न लटको साल जातका गोलिया ८१ को १०९०.४६ क्यू.फि गोलिया काठ व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनकल्याण सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुली**

## गोलिया काठ बिक्री वितरण सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०३)**

यस पन्चकन्या सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई बारबिसे चौर, मरिण गा.पा.२, सिन्धुलीमा घाटगद्धी गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान १०६ को ११९५.९६ क्यू.फि गोलिया काठव्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टा'स गरिएको छ ।

**श्री पन्चकन्या सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुली**

## गोलिया काठ बिक्री वितरण सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०३)

यस सिमलदमार सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुलीबाट आ.व. २०७९/०८० मा उत्पादन भई सखौरी दोभान,मरिण गा.पा.२, सिन्धुलीमा घाटगगद्धी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान ११७ को १९१४.९५ क्यू.फि गोलिया काठ र १.५० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम१२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेभित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिमलदमार सा.व.उ.स.मरिण गा.पा.२, सिन्धुली**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०३/०३**

यस कम्पनीको मिति २०८०/०२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **इम्पेरियल फेसिलिटी म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८०/०३/०३ गते)

शेर बहादुर घर्ति मगरको नाति, गोबिन्दबहादुर घर्ति मगरको छोरा, लालकुमारी घर्ति मगरको पति, पाल्पा जिल्ला रिब्दीकोट गा.पा, वडा नं. ८ बस्ने अमृत बहादुर घर्ति मगरको मिति २०७९/०७/०६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बुटवल शाखामा रहेको बचत खाता नं. ०१७०१३२७९७६०००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती लालकुमारी घर्ति मगरले यस बैंकको बुटवल शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हकलाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय बुटवलमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बुटवल, रुपन्देही, सम्पर्क नं – ०७१-५५४५४५/४६/४७**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SHRIMP WEDDING RESTAUTANT COMPANY**

पुर्व स्वीकृति मिति २०८०/03/01 | LT No. 288049 | चलानी नं.६०२०३०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 150 | ६४१६१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | waiter | 1 | 0 | 125 | ५३४६७ | | | | | | | |

**कम्पनी : LOCA ORIANA LADIES BEAUTY SALON CO.**

पुर्व स्वीकृति मिति २०८०/03/01 | LT No. 288050 | चलानी नं.६०२०३०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 1 | 150 | ६४१६१ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४१६१ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 150 | ६४१६१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



## मलेसिया/रोमनीयामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)**

पूर्व स्वीकृति मिति २०७९/04/06 | पून स्वीकृति मिति २०८०/०३/०२ | LT. No. 267208 | चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 10 | 6 | 550 | ७१९८९ | श्र.ऐ. अनुसार | ८ घण्टा | ६ दिन | श्र.ऐ. अनुसार | छ | | २ वर्ष |
| 2 | Housemaid | 0 | 10 | 550 | ७१९८९ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः**४०,०००/-

**कम्पनी : CN ELECO ENGINEERING SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/०६ | पून स्वीकृति मिति २०८०/०३/०२ | LT. No. 274216 | चलानी नं. ६०१९०३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४२,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनी : ENG HAN ENGINEERING SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पून स्वीकृति मिति २०८०/०३/०२ | LT. No. 275276 | चलानी नं. ६०१९१३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 32 | 0 | 1500 | ४२,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १० गते (25th June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

प्रभाव दैनिक

रूपशाला

## अमिषाले गरिन् आत्मसमर्पण

अभिनेत्री अमिषा पटेलले राँची सिभिल कोर्टमा आत्मसमर्पण गरेकी छिन् । उनीमाथि चेक बाउन्स, ठगी र धम्कीको मुद्दा चलिरहेको छ । जानकारीका अनुसार यसअघि उनी नआउने भनिएपनि राँची आएपछि उनले सिभिल कोर्टमा आत्मसमर्पण गरेकी छिन् । उनले राँची सिभिल अदालतको सिभिल न्यायाधीश वरिष्ठ डिभिजन डिएन शुक्लाको अदालतमा आत्मसमर्पण गरेकी हुन्। उनलाई अदालतले १०/१० हजारको दुई वटा धरौटीमा रिहा गरेको छ । अप्रिल महिनामा भएको सुनुवाइका क्रममा उनलाई अदालतमा उपस्थित हुन भनिएको थियो तर उनी हाजिर भएनन् । त्यसपछि राँची सिभिल कोर्टबाट उनीविरूद्ध पक्राउ पुर्जी जारी भएको थियो ।



आइतबार, ३ असार २०८० (Sunday, June 18, 2023)

# लोक सांस्कृतिक संघको कार्यसमितिलाई प्रमाणपत्र वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय लोक साँस्कृतिक संघको पाँचौं महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई असार १ गते एक समारोहबीच प्रमाण पत्र प्रदान गरिएको छ ।

गायक तथा गीतकार राजेन्द्र कुमार कार्कीको अध्यक्षतामा चयन भएको नयाँ कार्यसमितिमा बरिष्ठ उपाध्यक्षमा गायक, संगीतका तथा गीतकार अमृत खाती, उपाध्यक्ष कार्यक्रम तर्फ चर्चित संगीतकार दिपक शर्मा, उपाध्यक्ष संगठन तर्फ चर्चित गायक कृष्ण काफ्ले, महासचिव संगीतकार योगेन्द्र उपाध्याय, सचिव सञ्चारकर्मी कमला जोशी, कोषाध्यक्ष सरिता जिरेल, सहसचिव ध्वनी सम्पादक मनोज परियार र सदस्यहरूमा कलाकार नम्रता खरेल, मोडल तथा गायक दिपेन्द्र सोनाम, गायिका शोभा जि.सी., छायाँकार राजन खरेल, आईटी एक्सपर्ट डेविल सिंह राजपुतलगायतका रहेका छन् ।




नयाँ कार्यसमितिले नेपाली लोकसंस्कृति तथा नेपाली मौलिक कलाको जगेर्ना गर्नको लागि यस क्षेत्रमा सम्बद्ध रहेका कलाकार, गीतकार, संगीतकार, गायक/गायिकाहरू, चलचित्रकर्मीहरू, प्राविधिकहरू तथा नेपाली भाषा संस्कृतिका लागि काम गर्ने विभिन्न व्यक्ति समुदाय एवं संस्थाहरूसँग सहकार्य गरि काम गर्ने संस्थाका अध्यक्ष कार्कीले जानकारी गराएका छन् ।

बरिष्ठ चलचित्र निर्देशक डा.घनश्याम खतिवडाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा चलचित्र निर्देशक तथा संस्थाका सल्लाहकार माधव राज खरेल, सञ्चारकर्मी एवं सल्लाहकार विष्णु सुवेदी, संगीतकार शंकर थापा 'स्माईल', संगीतकार तथा गायक रमेश पाठक लगायतका व्यक्तित्वहरूको उपस्थिती रहेको थियो ।

कार्यक्रममा संगीतकार शंकर थापा स्माईल, संगीतकार तथा गायक रमेश पाठकलाई मानार्थ सदस्यता प्रदान गर्नुका साथै चलचित्र निर्देशक डा.घनश्याम खतिवडा, माधव राज खरेल, सञ्चारकर्मी विष्णु सुवेदी, संगीतकार राजेन्द्र बजगाई लगायतलाई सल्लाहकार सदस्यमा नयाँ कार्यसमितिले नियुक्ति गर्दै प्रमाण पत्र समेत प्रदान गरेको छ ।

# कृतिका बनिन् मिस एसइई नेसनल २०२३

■ प्रभाव संवाददाता

**काठमाडौं–** सौन्दर्य प्रतियोगिता 'मिस एसइई नेसनल २०२३' को ताज कृतिका रेग्मीले जितेकी छन् । जमलस्थित राष्ट्रिय नाचघरको डबलीमा आयोजित प्रतियोगीताको अन्तिमस्पर्धामा उनले भ्युअर्स च्वाइस विधासमेत हात पारेकी छन् ।

प्रतियोगितामा त्रिदेवी श्रेष्ठ फस्ट रनरअप तथा अदिती ढकाल सेकेन्ड रनर अप छानिए । त्रिदेवीले फोटोजेनिक अवार्ड प्राप्त गर्दा अदितीले ट्यालेन्ट विधाको अवार्ड आफ्नो पोल्टामा पारिन् । प्रतिस्पर्धा अन्तर्गत थर्ड रनरतर्फ सुजिना भण्डारी र फोर्थ रनरअप तर्फ कृस्टिना ढुंगाना भए । सुजिनाले म्यानेज्मेन्ट च्वाइस र कृष्टिना पब्लिक च्वाइस विधाको समेत विजेता बने ।

युहान इन्टरनेसनल इभेन्ट्सको ब्यानरमा संचालन भएको प्रतियोगितामा सरिना भारती भ्युअर्स च्वाइस, प्रिन्सा थापा पब्लिक च्वाइस, समिका तामाङ पर्सनालिटी, दिया तिमिल्सिना क्याटवाक, मुक्तिना खरेल कन्जिनियालिटी, साकिरा सिंम्खडा कन्फिडेन्ट, ऐश्वर्या पुडासैनी इन्टेलिजेन्ट, जेनिसा खत्री डिलिजेन्ट र आर्या लामा मिस ग्ल्यामरका रूपमा विजेता घोषित भए ।

३२ जना छात्राहरूको सहभागितामा रहेको प्रतियोगितामा शिक्षाविद्ध छविलाल पाण्डे, सम्पादक साहिल खान, मोडल एवं संचारकर्मी रीता कट्टेल तथा नेपाल एयरहोस्टेस् एकेडेमीका रेजिना तुलाधर निर्णायकको रूपमा रहेका थिए । प्रतियोगिताको संचालन एवं कोरियोग्राफी फेसन कोरियोग्राफर एवं संचारकर्मी रोजिन शाक्यले गरेका थिए ।

विजेता सबैले उपाधिका साथमा विभिन्न अवसर समेत हात पारेका छन् ।




# टिजरमा यस्तो देखियो 'नम्बरी सुन'

**काठमाडौँ (प्रस)–** आगामी भाद्र १ गतेबाट सार्वजनिक प्रदर्शनको तयारीमा रहेको फिल्म 'नम्बरी सुनको' टिजर सार्वजनिक छ । २ मिनेटको टिजरले ७० वर्ष पहिले नेपालमा हुने सुनको इतिहास झल्काउन खोजेको छ ।

टिजरमा कलाकार गौरव पहाडी र नम्रता सापकोटाको प्रेम सम्बन्धमा आउने उतार चढाव समेत समेटिएको छ । अभिनेता सरोज खनाल सिनेमामा गाउँको मुखियाको भूमिकामा देखिएका छन्, भने बुद्धि तामाङलाई श्रीमती पीडित श्रीमान्को रूपमा चित्रण गरिएको छ। टिजरमा अभिनेता राजराम पौडेल र किरण नेपाली पनि अटाएका छन् ।

नारायण खातीको शब्द, कथा तथा प्रस्तुति रहेको फिल्ममा गौरव र नम्रताको अलवा राजेन्द्र खड्गी, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी लगायत कलाकारको अभिनय छ। सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद छ ।




सरोज खाती, सविन खाती र मनोज रिजालको लगानी रहेको फिल्ममा अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामिछानेको नृत्य, समीर मियाँको भिएफएक्स, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व निर्देशन रहेको छ । फिल्मलाई काठमाडौँ उपत्यकामा जिजिए ग्रूप र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछ ।

रंगशाला

# नेपाल र जिम्बाबे आज भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेट टोलीले पहिलो पटक टेस्ट मान्यता प्राप्त राष्ट्रसँग एकदिवसीय अन्तर िष्ट्रिय (ओडिआई) आज खेल्दैछ ।

आईतबारबाट जिम्बावेमा सुरु हुने आइसीसी एकदिवसीय विश्वकप छनोटमा नेपाल पहिलो पटक टेस्ट राष्ट्रसँग ओडिआई मान्यता प्राप्त खेलमा प्रतिस्पर्धा गर्ने भएको हो ।

आन नेपालको खेल टेस्ट राष्ट्र जिम्बावेविरुद्ध रहेको छ । यो खेल नेपालका लागि टेस्ट मान्यताप्राप्त राष्ट्रविरुद्धको पहिलो ओडिआई खेल हुनेछ । आफ्नो ५२ औं ओडिआईमा नेपालले पहिलो पटक टेस्ट मान्यता प्राप्त राष्ट्रसँग खेल्न लागेको हो ।

जुन १८ देखि जुलाई ९ सम्म आयोजना हुने प्रतियोगितामा दश राष्ट्रको सहभागीता रहने छ । प्रतियोगिता दुई समूह बिभाजन गरि आयोजना हुनेछ । प्रतियोगिताको समूह ए मा रहेको नेपालको समूहमा आयोजक जिम्बावे, वेस्ट इन्डिज, अमेरिका र नेदरल्यान्ड्स रहेका छन्।

टी–ट्वान्टी अन्तर्राष्ट्रिय खेलमा नेपालले विभिन्न टेस्ट राष्ट्रसँग खेलेको भए पनि ओडिआईमा भने यो पहिलो अवसर हुनेछ ।

यसअघि २०१८ को विश्वकप छनोटमा नेपालले अफगानिस्तान तथा जिम्बावेसँग एकदिवसीय खेल खेलेको थियो । तर, त्यस समय नेपालसँग ओडिआई मान्यता नरहेको कारण सो खेल लिस्ट ए मान्यता प्राप्त रहेको थियो । अहिले नेपालसँग ओडिआई मान्यता रहेको कारण यो प्रतियोगितामा टेस्ट राष्ट्रसँगको खेल लिस्ट ए हुनेछैन ।

यो प्रतियोगितामा सहभागी पुरै दश टोलीसँग ओडिआई मान्यता रहेका कारण प्रतियोगिताका सबै खेल ओडिआई मान्यताको हुनेछ ।

विश्वकप सुपर लिगमा पुछारको पाँचमा रहेका श्रीलंका, वेस्ट इन्डिज, जिम्बावे, आयल्यान्ड र नेदरल्यान्ड्सले विश्वकप छनोटमा स्थान पक्का गरेका छन् ।

१३ राष्ट्र सहभागी सुपर लिगबाट आयोजक भारत, पाकिस्तान, अस्ट्रेलिया, न्युजिल्यान्ड, बंगलादेश, दक्षिण अफ्रिका, इंग्ल्यान्ड र अफगानिस्तान सिधा विश्वकपका लागि छनोट भईसकेका छन् ।

विश्वकप छनोटमा लिग टू बाट नेपाल, स्कटल्यान्ड र ओमानले स्थान बनाएका छन् । ६ देश सम्मिलित विश्वकप प्लेअफ क्वालिफायरबाट अमेरिका र युएई शीर्ष दुईमा रहँदै विश्वकप छनोटमा पुगेका छन् ।

**क्रिकेट विश्वकप छनोट खेल्ने १० टोली :**

वेस्ट इन्डिज, श्रीलंका, जिम्बावे, आयरल्याण्ड, नेदरल्याण्ड्स, स्कटल्याण्ड, ओमान, नेपाल, अमेरिका, युएई

# खेलाडीको भविष्य सुनिश्चित गर्छौं : मन्त्री लिम्बू

■ प्रभाव संवाददाता

**कास्की–** युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले खेलाडीको भविष्य सुनिश्चित हुने गरी सरकारले कार्यक्रम ल्याउने बताएका छन् । राष्ट्रिय तथा अन्तर िष्ट्रिय प्रतियोगितामा सहभागी भएर देशको नाम राख्ने खेलाडीको खेलपछिको जीवन सरल र सहज हुने गरी सरकारले कानुनी व्यवस्था गर्ने उनले स्पष्ट पारे ।

पोखरा रंगशालामा शनिबारदेखि सुरु भएको तेस्रो प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो प्रतियोगिताको उद्घाटन गर्दै उनले नेपाली खेलकुदको विकास गर्न खेलकुदमा लाग्ने खेलाडीको भविष्य सुनिश्चित पार्ने कानुन ल्याउने तयारी सरकारले गरिरहेको जानकारी दिए ।

नेपालको खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रको समेत साथ आवश्यक रहेको उनले बताए । खेलकुदमा निजी क्षेत्रको लगानी सुनिश्चित गर्दै खेलकुदमा लागेका अभिभावकलाई समेत सम्मानित हुने वातावरण सरकारले बनाउने मन्त्री लिम्बूको भनाइ छ ।

खेलकुदका संरचनालाई संघीयताअनुसार विकास गरिने उनले स्पष्ट पारे । उनले भने, 'देशमा संघीय शासन व्यवस्था सुरु भएको पाँच वर्ष पूरा भइसकेको छ । अब पनि पुरानै संरचनामा बसेर नेपालको खेलकुदको विकास हुन सक्दैन, यसको परिवर्तन गर्नु आवश्यक छ ।'

प्रदेश र जिल्लाका विगतका खेलकुदका कार्यालय तथा संरचनालाई संघीयताअनुसार परिर्वतन गर्नुपर्नेमा मन्त्री लिम्बूले जोड दिए । प्रतियोगितामा गण्डकी प्रदेशका सात जिल्लाका तीन सयभन्दा बढी खेलाडीको सहभागिता रहेको आइटिएफ तेक्वान्दो संघ गण्डकीका अध्यक्ष घमबहादुर थापाले जानकारी दिए ।

प्रतियोगितामा कास्की, बागलुङ, पर्वत, म्याग्दी, नवलपुर, स्याङ्जा र तनहुँका महिला तथा पुरुष खेलाडीको सहभागिता छ । प्रतियोगितामा २८ स्वर्ण, २८ रजत र ३२ कास्य पदकका लागि प्रतिस्पर्धा हुने गण्डकीका उपाध्यक्ष तथा रेफ्री अफिसियल संयोजक आकाशचन्द्र घर्तीमगर जानकारी दिए ।

# अभिषेक र अभिलाषा च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिषेक बाँस्तोला र अभिलाषा विष्टले प्रथम राइजिङ स्टार खुला टेनिस प्रतियोगिताको मुख्य स्पर्धा सिंगल्स उपाधि शनिबार जितेका छन् । अभिषेक पुरुष तथा अभिलाषा महिलामा च्याम्पियन बने । राइजिङ स्टार टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगिताको पुरुष फाइनलमा संघर्षपूर्ण जित हात पार्ने क्रममा अभिषेकले प्रदीप खड्कालाई १–६, ६–१ र ७–६ को सेटमा पराजित गरे । प्रणव खनाल र आर्यन गिरी तेश्रो भए ।




सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको महिलाको उपाधि भिडन्तमा अभिलाषाले सुनिरा थापालाई ६–३ र ६–२ को सोझो सेटमा हराइन् । प्रकृति श्रेष्ठ र आइशा डोल्कर गुरुङ तेश्रो बने । पुरुष/महिला सिंगल्सका विजेताले १ लाख, उपविजेताले ५० हजार र तेश्रोले १२ हजार ५ सय नगद पुरस्कार प्राप्त गरे ।

नेपाल टेनिस संघको प्राविधिक सहयोगमा भएको प्रतियोगिताको भेट्रान ३५ वर्षमाथि पुरुष सिंगल्समा सन्तोष खत्री पहिलो भए । उनले फाइनलमा पूर्व राष्ट्रिय च्याम्पियन जितेन्द्र परियारलाई सीधा सेटमा ७–५ र ६–४ ले पाखा लगाए । सन्तोषले ६० हजार तथा जितेन्द्रले ३० हजार नगद पुरस्कार पाए । तेश्रो भएका कमलबहादुर अधिकारी र दावा सोनाम शेर्पाले १०–१० हजार नगद पुरस्कार हात पारे ।

विजेतालाई पूर्व उप प्रधानमन्त्री कमल थापा, नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा र महासचिव मनोहरदास मुल, आयोजक एकेडेमीका अध्यक्ष रविन प्रधान र प्रमुख कार्यकारी अधिकृत सिमान्त गुरुङलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

नेपाली टेनिसकै सर्वाधिक पुरस्कार राशीको प्रतियोगितामा खुला, भेट्रान र जुनियर गरी २४ स्पर्धामा प्रतिस्पर्धा भएको थियो ।

प्रत्येक स्पर्धाका पदक विजेतालाई पुरस्कार प्रदान गरिएको थियो । कुल पुरस्कार राशी १४ लाख ८५ हजार रूपैयाँ थियो । असार २७ गतेदेखि सुरु प्रतियोगितामा २ सय ६२ खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।



**ल्हासामा पर्यटक** | चीनको दक्षिणपश्चिम तिब्बत स्वायत्त क्षेत्र ल्हासामा परम्परागत तिब्बती पोसाक लगाएका पर्यटक तस्बिर खिचाउँदै । *तस्बिर: सिन्ह्वा*

# युगाण्डाको एक विद्यालयमा आक्रमण, ३७ जनाको मृत्यु

**एमपोन्ड्वे, युगाण्डा-** इस्लामिक स्टेट (आइएस) समूहसँग सम्बन्धित लडाकु समूहले एक विद्यालयमा गरेको आक्रमणमा परी ३७ जनाको मृत्यु भएको छ । आक्रमणलाई युगाण्डाका सेना र प्रहरी अधिकारीले एक दशकयताकै सबैभन्दा ठूलो आक्रमण गरी अधिकांश विद्यार्थीसहित ३७ जनाको हत्या गरेको शनिबार बताएका छन् ।

डेमोक्रेटिक रिपब्लिक अफ कंगो नजिकैको कासेसे जिल्लाको एमपोन्ड्वेमा रहेको एक माध्यमिक विद्यालयमा स्थानीय समयअनुसार शुक्रबार राति सीमापारीबाट आई गरेको आक्रमणपछि सेनाले एलाइड डेमोक्रेटिक फोर्सेस (एडिएफ) का लडाकुहरूलाई पछ्याइरहेको बताएको छ ।

अनुसन्धानकर्ताहरूले प्रजातान्त्रिक गणतन्त्र कंगोको द्वन्द्वग्रस्त पूर्वी क्षेत्रमा सक्रिय सबैभन्दा घातक समूहमध्ये एक एडिएफले राति अबेरसम्म गरेको निर्मम आक्रमणमा छात्रावासमा आगजनी गरेको र विद्यार्थीलाई धारिलो हतियार प्रयोग गरी हत्या गरेको बताएका छन् ।

युगाण्डा पिपुल्स डिफेन्स फोर्सेज (युपिडीएफ) का प्रवक्ता फेलिक्स कुलाइगीले एक विज्ञप्ति जारी गर्दै भने, 'दुर्भाग्यवश ३७ जनाको शव फेला परेको छ र उनीहरूलाई ब्वेरा अस्पतालको शवगृहमा पठाइएको छ ।'

आठ जना घाइते भएका छन् भने अन्य छ जनालाई आक्रमणकारीले अपहरण गरी कंगोको सीमामा रहेको भिरुंगा राष्ट्रिय निकुञ्जतर्फ लगेका छन् ।

'युपिडिएफले अपहरणमा परेका विद्यार्थीहरूलाई बचाउन अपराधीहरूको खोजी सुरू गरेको जनाएको छ। कासेसका लागि आवासीय आयुक्त जो वालुसिम्बीले एएफपीलाई बताएअनुसार मृतकमध्ये कम्तीमा २५ जना विद्यालयका विद्यार्थी भएको पुष्टि भएको छ ।

सन् २०१० मा कम्पालामा भएको दुईवटा बम विष्फोटमा सोमालियामा प्रभाव रहेको अल-शबाब समूहले गरेको आक्रमणमा ७६ जनाको मृत्यु भएपछि युगाण्डामा भएको यो सबैभन्दा घातक आक्रमण हो । *रासस/सिन्ह्वा*

# साउदी विदेशमन्त्री इरानको पहिलो भ्रमणमा

**तेहरान-** साउदी अरबका विदेशमन्त्री राजकुमार फैजल बिन फरहान इरानको पहिलो भ्रमणका क्रममा शनिबार तेहरान आइपुगेको इरानी सञ्चारमाध्यमले जनाएका छन् ।

भ्रमणका क्रममा साउदी अरबका उच्च कूटनीतिज्ञले तेहरानका विदेशमन्त्री हुसेन अमिर अब्दुल्लाहलगायत इरानी अधिकारीसँग पत्रकार सम्मेलनअघि भेटवार्ता गर्ने अपेक्षा गरिएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

राजकुमार फैसलको विदेशमन्त्रीका रूपमा पहिलोपटक इरानको भ्रमणका क्रममा इरानका राष्ट्रपति इब्राहिम रायसीसँग भेटवार्ता गर्ने योजना रहेको साउदी सञ्चारमाध्यमले जनाएका छन् ।

सन् २०१६ मा रियादले शिया धर्मगुरु निम्र अल-निम्रलाई मृत्युदण्ड दिएको विरोधमा भएको प्रदर्शनका क्रममा तेहरानस्थित दूतावास र उत्तरपश्चिमी सहर



मशादस्थित वाणिज्य दूतावासमा आक्रमण भएपछि सुन्नी मुस्लिम शक्ति साउदी अरबले शिया नेतृत्वको इरानसँग सम्बन्ध विच्छेद गरेको थियो ।

तर, गत मार्चमा दुई देशबीच सम्बन्ध सुधार्न र आ-आफ्ना दूतावास खोल्न चिनियाँ मध्यस्थतामा भएको सम्झौताले क्षेत्रीय सम्बन्धलाई परिवर्तन गरेको थियो । इरानी सरकारका प्रवक्ता अली बहादोरी जाहरोमीले स्थानीय सञ्चारमाध्यमलाई बताएअनुसार राजकुमार फैसलले भ्रमणका क्रममा तेहरानस्थित साउदी कुटनीतिक नियोग पुनः खोल्नका लागि केही कदम चाल्ने अपेक्षा गरिएको छ । गत जुन ६ मा इस्लामिक गणतन्त्र लेबनानले साउदी अरबमा रहेको आफ्नो दूतावास र वाणिज्य दूतावास पुनः खोलेको थियो ।

इरानी साजाण्डेगी दैनिकले शनिबार साउदी दूतावासले तेहरानको एक होटलमा पुनः स्थापना गर्ने र त्यसपछि इरानी राजधानीमा आफ्नो स्थायी स्थानलाई सञ्चालन गर्ने जनाएको छ । *रासस/सिन्ह्वा*

# क्यानाडाको जनसंख्या चार करोड पुग्यो

**ओटावा-** क्यानाडाको जनसंख्या चार करोड पुगेको छ। सन् २०२३ जुन १६ गतेसम्मको तथ्यांक हेर्दा कूल जनसंख्या चार करोड पुगेको देखिएको छ ।

क्यानाडाको जनसंख्या हाल तीव्र गतिमा बढिरहेको छ । सन् २०२२ मा क्यानाडालीको संख्या १० लाख ५० हजार ११० ले बढेको हो । यो संख्या क्यानाडाको इतिहासमा पहिलोपटक यसरी तीव्रगतिमा बढेको हो । जनसंख्याको वार्षिक वृद्धिदर २.७ प्रतिशत पुगेको छ ।

सन् २०२२ मा रेकर्ड गरिएका लगभग सबै वृद्धिका लागि अन्तर्राष्ट्रिय बसाइँसराइँ जिम्मेवार रहेको राष्ट्रिय तथ्यांक निकायले जनाएको छ । क्यानाडा जनसंख्या वृद्धिका सन्दर्भमा जी-७ देशमा अग्रपंक्तिमा छ ।

यदि जनसंख्या वृद्धिको यो दर आगामी वर्षमा स्थिर रहयो भने, क्यानाडाको जनसंख्या लगभग २६ वर्षमा दोब्बर हुन सक्ने बताइएको छ । *रासस/सिन्ह्वा*

# पानीको हाहाकार झेल्दै द्वन्द्वग्रस्त यमन



**ताएज, यमन-** यमनमा पानीको अभाव थप संकटग्रस्त बनेको छ । यहाँका बालबालिका विद्यालय जाने उमेरमा पानीको जाहो गर्न बाध्य बनेका छन् । १४ वर्षीया सलिम मोहम्मद हरेक दिन बिहान पानी लिन घरबाट निस्कन्छिन् र दक्षिणपश्चिम यमनको आफ्नो सहर हुँदै नजिकैको सार्वजनिक डिस्पेन्सरको लाइनमा सामेल हुनुपर्छ ।

मोहम्मद र उनका तीन जना भाइबहिनीहरू कम्तीमा पनि एक माइल (१.६ किलोमिटर) हिँड्छन् र कहिलेकाहीँ आफ्नो पानीको भाँडो भर्ने र समयमै विद्यालयका लागि फर्कने आशामा घन्टौंसम्म पानीका लागि पर्खन्छन् ।

'मैले हरेक दिन बोक्ने भारीले मेरो पाखुरा र ढाड दुख्ने गर्छ,' परिवारको अस्थायी अपार्टमेन्टमा रहेको एक किराना पसलबाट मोहम्मदले एएफपीलाई बताइन् । उनले भनिन्, 'हामी बिहान सबेरै उठ्छौं (कहिलेकाहीँ राति पनि) र बुबासँग पानी लिन जान्छौं ।'

सन् २०१५ मा इरान समर्थित हुथी विद्रोही र अपदस्थ सरकारलाई समर्थन गर्ने साउदी अरब नेतृत्वको गठबन्धनबीच द्वन्द्व सुरु हुनुअघि नै विश्वको सबैभन्दा बढी पानीको अभाव भएको मुलुकको सूचीमा रहेको यमनमा किशोरको अवस्था सामान्य छ ।

युद्ध र जलवायु परिवर्तनको विकराल मिश्रणले देशको पानीको समस्यालाई अझ बढाएको छ । युद्धका कारण महत्त्वपूर्ण पूर्वाधारमा क्षति पुगेको छ भने बढ्दो तापक्रम र फरक-फरक वर्षाका कारण आपूर्तिमा थप असर परेको विज्ञ तथा सहायता समूहले बताएका छन् । संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (एफएओ) का अनुसार यमनको भूमिगत जल पुनःपूर्ति भइरहेको भन्दा दोब्बर दरमा ह्रास भइरहेको छ ।

हालको दरमा अरब प्रायद्वीपको सबैभन्दा गरिब देश २० वर्षभित्रमा भूमिगत पानीको पूर्णरूपमा समाप्त हुनसक्ने एफएओले जनाएको छ । 'हामी हरेक बिहान उठ्छौं र पानीको पछि दौड्छौं,' मोहम्मदकी ३५ वर्षीया आमा उम मुजाहिदले भनिन्, 'कहिलेकाहीँ हामीले पानी पाउँछौं भने कहिले रित्तै फर्किनुपर्ने पनि हुनसक्छ । यो एक प्रतियोगिताजस्तो हो । जो पहिले पुग्छ उसले पानी पाउँछ । ढिलो पुग्ने व्यक्तिले खाली हात फर्किनु पनि पर्नसक्छ ।' उनका बच्चाहरूले सार्वजनिक टचांकीमा पानीका भाँडाहरू भर्ने स्थान सहरको वरिपरिका धेरै स्थानमध्ये एक हो ।

**"दुःखद परिणाम"**

यो परिवार 'रेड सी' सागरको बन्दरगाह सहर होदेइदामा युद्ध हुँदा भागेर तेएजमा सरेको थियो । तेइज एउटा सरकार नियन्त्रित स्थान हो । यसलाई हुथीहरूले वर्षौंदेखि घेरेका छन् र सहर विद्रोहीको कब्जामा नभए पनि घेरिएको छ ।

एफएओका अनुसार यमनको तेस्रो ठूलो सहरले अहिले सबैभन्दा खराब अभावको सामना गरिरहेको छ । यहाँको करिब एक करोड ४५ लाख मानिस (अर्थात् जनसंख्याको आधा हिस्सा) सुरक्षित पिउने पानीको प्रशस्त पहुँचबाट वञ्चित छन् ।

अन्तर्राष्ट्रिय रेडक्रस समिति (आइसिआरसी)का राल्फ वेहबेका अनुसार यमनका ३० प्रतिशतभन्दा कम भूभागमा पाइपबाट पानीको पहुँच कोसेलीको रूपमा पुगेको छ । लाखौं मानिस निजी कम्पनी वा असुरक्षित इनारमा निर्भर हुन बाध्य छन् ।

सानामा रहेका यमनका लागि आइसिआरसीको प्रतिनिधिमण्डलका उपप्रमुख वेहबेले भने, 'विशेषगरी बालबालिकाहरू जोखिममा छन् ।'

पानीको अभावले गर्दा थुप्रै आमाबाबुलाई पानी पाउन आफ्ना छोराछोरीको मद्दत चाहिन्छ । विद्यालय जानुको साटो उनीहरू आफ्नो परिवारका लागि घन्टौं कुरेर पानी जम्मा गर्न बाध्य छन् ।'

उनले भने, 'यो पानीको संकटको कारण निम्तिएको दुःखद परिणाम हो ।' अनि पानीको अभावले चरम असर पार्न सक्छ ।

गत महिना राजधानी सानामा पानीको टचांकीमा पहुँचको विषयलाई लिएर छिमेकीले एक बालिकाको छुरा प्रहार गरी हत्या गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल भएको बताइएको थियो । यो समाचारलाई स्वतन्त्ररूपमा पुष्टि गर्ने उक्त भिडियो दृश्यको आधिकारिकतालाई एएफपीले प्रमाणित गर्न खोजे पनि स्थानीय वातावरणका कारण यो सम्भव हुन सकेन ।

सन् २०२२ को अप्रिलमा ताएजमा पानी लिन पर्खिरहेका महिला र बालबालिकालाई पानीको ट्रकले ठक्कर दिँदा एउटा घातक दुर्घटना भएको स्थानीय सञ्चारमाध्यमले जनाएका थिए ।

**"पिउने पानीका लागि थोपाथोपाको हिसाब"**

ताएजको जल प्राधिकरणका निर्देशक समिर अब्दुलवाहिदले हुथीको घेराबन्दीलाई दोष दिँदै युद्धअघि ९० वटा कुवा रहेकोमा अहिले सहरमा २१ वटा इनार रहेको बताइन् । 'ताइजमा प्रतिव्यक्ति दैनिक ०.७ लिटर पानीको उपलब्धता छ,' उनले भने, 'ताएजका धेरै क्षेत्र अर्थात् सहरको करिब ६० प्रतिशत भागमा युद्ध सुरु भएदेखि एक थोपा पनि पानी आएको छैन ।' उनीहरूले थोपाथोपाको हिसाब गरेर पानीको अभाव टार्छन् ।

अब्दुलवाहिदका अनुसार बालबालिकाले पनि यो संकटको मार धेरै खेपिरहेका छन् । 'बालबालिका विद्यालय जाँदैनन्,' उनले एएफपीसँग भने, 'उनीहरू आफ्नो भागको पानी पाउनका लागि विद्यालयको साटो पानीको वितरणस्थलमा जान बाध्य हुन्छन् ।'

'युनिभर्सिटी अफ नोट्रे डेमको ग्लोबल एडाप्टेसन इनिसियटिभ'ले यमनलाई यस क्षेत्रको सबैभन्दा बढी जलवायु-संवेदनशील देशहरूको रूपमा स्थान दिएको छ ।

यमनको वातावरणीय परामर्शदाता कम्पनी होल्म अखदारका अनुसन्धाता महा अल सालेहीका अनुसार समुद्रको सतह बढ्नुका साथै अचानक आएको बाढीले भूमिगत जललाई नुनिलो बनाउनुका साथै ढललगायतको प्रदूषण निम्त्याउँछ ।

'यमनमा पानीको घट्दो उपलब्धता मात्र होइन, कमजोर गुणस्तर, पहुँच र किफायती क्षमता पनि यसमा अभावमा समावेश छ,' उनले भने । यसले यमनवासीलाई चरम जल असुरक्षामा मात्र राख्दैन तर खाद्य असुरक्षामा पनि राख्छ । यमनको द्वन्द्व समाधान भए पनि पानीको अभाव कायमै रहने वेहबेले बताइन् । उनले भने, 'यमनमा भोलि शान्ति कायम भए पनि पानीको अभावको मुद्दा जारी रहनेछ ।'

*(अनुवाद: दिलीप शर्मा/रासस/एएफपी)*


## सनराइज बैंक लिमिटेड गैह्रिधारा, काठमाण्डौंको पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस बैंकको मिति २०८०/०२/०८ मा बसेको संचालक समितिको ४१०औं बैठकको निर्णयानुसार बैंकको पन्ध्रौं वार्षिक साधारण सभा मिति २०८०/०३/०३ गते (तदनुसार ई. सं. १८ जुन, २०२३) आइतबारका दिन बिहान ११:०० बजे आम्रपाली बैंङक्वेट्स, बालुवाटार, काठमाण्डौंमा हुन गइरहेको हुँदा शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ । भर्चुअल उपस्थितीको लागि जुम आई.डी. 818 2329 9659 र पासवर्ड 516470 प्रयोग गरी Login गर्नुहुन अनुरोध छ ।

वार्षिक साधारण सभाका छलफलका विषयहरु तथा अन्य थप जानकारीको लागि मिति २०८०/०२/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक र मिति २०८०/०२/२९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिका तथा बैंकको आधिकारीक वेबसाइट www.sunrisebank.com.np मा हेर्नुहुन अनुरोध गर्दछौं ।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE | हामी संग-संगै

**प्रधान कार्यालय तथा मुख्य शाखा:** सनराइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
**टोल फ्रि नम्बर:** १६६००१२२४४४, **फोन:** ४००४५६०-६४, **फ्याक्स:** +९७७-१-४४२२४७५,
**इमेल:** info@sunrisebank.com.np

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९८०० | प्रति तोला – ११९२५० | प्रति तोला – १४२५ |



**असारे चटारो** | टोखा नगरपालिका वडा नं १ झोरको मालुङमा रोपाइँ गर्नको लागि खेतमा धानको बीउ काढ्दै स्थानीय किसान । *तस्बिरः हरिराम भेटुवाल/रासस*

प्रदेश बजेट

# छुट्टै बैंक खोल्नेदेखि लगानी सम्मेलन गर्नेसम्मका योजना

■ प्रभाव संवाददाता

**काठमाडौं–** सबै प्रदेशले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट ल्याइसकेका छन् । कोशी प्रदेशले गत बिहीबार अध्यादेशमार्फत बजेट ल्याएको छ भने बाँकी छ प्रदेशले शुक्रबार प्रदेशसभामा विनियोजन विधेयक प्रस्तुत गरेका छन् ।

चालु आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षका लागि संघीय सरकारकै बजेटको आकार घट्दा प्रदेशमा पनि त्यसको प्रभाव देखिएको छ । लुम्बिनीबाहेक सबै प्रदेशले चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार घटाएका छन् । केन्द्र सरकारले आगामी आर्थिक वर्षको बजेटमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम राखेपछि पक्ष र विपक्षको बहस अझै चलिरहेको छ । सोही प्रकृतिको कार्यक्रमको सिको गर्दै प्रदेशले पनि सांसदको तजबिजी अधिकारमा खर्च गर्नसक्नेगरी विभिन्न कार्यक्रम ल्याएका छन् ।

विनियोजन कुशलता, पुँजीगत खर्चमा वृद्धि, चालु खर्चमा कटौती, वित्तीय अनुशासनको कडाइका साथ पालना, नागरिकका आधारभूत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखेर दिगो विकास लक्ष्य प्राप्ति केन्द्रित योजना तथा कार्यक्रमलगायतका दावी प्रदेश बजेटमा छन् । पहुँचका आधारमा बजेट हालेको, क्रमागत आयोजनामा न्यून बजेट परेको, साना र स्थानीय तहबाट कार्यान्वयन हुनसक्ने आयोजनालाई पनि प्रदेशबाटै बजेट विनियोजन गरेको, पूर्वतयारी नसकिएका आयोजनालाई बढी बजेट दिएको, विवादास्पद कार्यक्रमलाई निरन्तरता दिएकोलगायत बजेट माथिका प्रश्न र आलोचना प्रदेशसभामा उठिरहेका छन् ।

आगामी आर्थिक वर्षका लागि प्रदेशले ल्याएका बजेट हेर्दा केही महत्त्वाकांक्षी कार्यक्रमसमेत राखिएका छन् । नागरिक सेवा प्रवाहमा न्यून भूमिका देखिए पनि सार्वजनिक खर्च बढाएका कारण आलोचित भइरहेको प्रदेश तहलाई संविधानले निर्दिष्ट गरेअनुरूपको अधिकार प्रयोगका लागि आवश्यक कानूनी र पूर्वाधार निर्माणका विषय पनि बजेटमा परेका छन् ।

### निर्वाचन क्षेत्र विशेष कार्यक्रम

संघीय सरकारले दुई वर्षअघि खारेज गरेर चालु आर्थिक वर्षको बजेटमार्फत 'संसदीय पूर्वाधार क्षेत्र विकास कार्यक्रम' का नाममा ब्युँताएको निर्वाचन क्षेत्र विशेष कार्यक्रमको सिको प्रदेश सरकारले पनि गरेका छन् ।

कोशी प्रदेशले प्रदेशसभाका सदस्यले स्थानीय तहबाट कार्यान्वयन गर्नेगरी 'कोशी प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रम' का लागि एकमुष्ट रू एक अर्ब ५० करोड विनियोजन गरेको छ । त्यस्तै, मधेश प्रदेशले संसदीय विकास कोषका लागि रू दुई अर्ब ३५ करोड र कर्णाली प्रदेशले निर्वाचन क्षेत्र विशेष पूर्वाधार कार्यक्रमका लागि रू एक अर्ब १२ करोड विनियोजन गरेको छ ।

बागमती प्रदेशले यस्तो कार्यक्रमका लागि कति बजेट छुट्याएको भन्ने वजेट वक्तव्यमा रकम खुलाएको छैन । 'प्रदेश सभाका माननीयलाई आफ्नो निर्वाचन क्षेत्रका मतदाताको विकास सम्बन्धी समस्या र गुनासो सम्बोधन गर्ने सहज वातावरण सिर्जना गर्दै लगिनेछ', बागमती प्रदेशको बजेटमा भनिएको छ, 'प्रदेश सभाका सदस्य र स्थानीय तहबीच सुमधुर सम्बन्ध कायम गरी अन्तरतह समन्वय प्रभावकारी बनाउन तथा विकास र शासनलाई थप जनमुखी बनाउन प्रदेश सभाका सदश्यको प्रत्यक्ष सहभागितामा विकास कार्यक्रम र आयोजना छनौट गरी कार्यान्वयन गर्न प्रदेश विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन उल्लेख छ ।' त्यस्तै, प्रत्येक सांसदका लागि गण्डकी प्रदेशले रू दुई करोड, लुम्बिनी प्रदेशले रू दुई करोड २५ लाख र सुदूर पश्चिम प्रदेशले रू तीन करोड विनियोजन गरेको छ ।

### लगानी सम्मेलन

कोशी प्रदेशले लगानीका सम्भाव्यता पहिचान तथा लगानीलाई व्यवस्थित बनाउन कोशी प्रदेश लगानी प्राधिकरणको संस्थागत क्षमता विकास गर्ने तथा आगामी आर्थिक वर्षा प्रदेशमा लगानी सम्मेलन गर्ने बजेटमा उल्लेख गरेको छ । 'प्रदेशको उद्योग, व्यापार, कृषि, स्वास्थ्य, र सेवा व्यवसायको स्थापना विस्तार र आधुनिकीकरण गर्न थप लगानी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट प्राप्त गर्ने वातावरण तयार गर्नका लागि लगानी सम्मेलन आयोजना गरिनेछ,' मधेस प्रदेशको बजेटमा भनिएको छ ।

बागमती प्रदेशले आगामी आर्थिक वर्षलाई प्रविधि र पूर्वाधारमार्फत कृषि क्षेत्रको रूपान्तरणका लागि आगामी आर्थिक वर्षलाई कृषि पूर्वाधार र लगानी वर्षको रूपमा मनाउने बजेटमार्फत घोषणा गरेको छ ।

लुम्बिनी प्रदेशले लगानी सम्मेलनमात्र नभई अन्तर्राष्ट्रिय स्तरको 'लोरेट एण्ड लिडर' कार्यक्रम आयोजना गर्ने विषय आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखेको छ । 'लुम्बिनीलाई विश्व पर्यटन क्षेत्रको महत्त्वपूर्ण गन्तव्यका रूपमा प्रवर्द्धन गर्न गौतमबुद्धको जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तर्राष्ट्रियस्तरको 'लोरेट एन्ड लिडर कार्यक्रम आयोनजा गर्न रू छ करोड ५० लाख विनियोजन भएको छ ।' बजेट वक्तव्यमा भनिएको छ । त्यस्तै, गण्डकी, कर्णाली र सुदूरपश्चिम सरकारले पनि लगानी तथा विकास सम्मेलन आयोजना गर्ने विषय वार्षिक बजेटमा राखेका छन् ।

### खर्च गर्न नसकेको रकम बजेट स्रोत

चालु आर्थिक वर्षका लागि विनियोजन भएर खर्च गर्न नसकेको रकमलाई नै आगामी आर्थिक वर्षको बजेट स्रोतका रूपमा देखाउने परिपाटी यसवर्ष पनि देखिएको छ । चालु आर्थिक वर्ष सकिन एक महिना बाँकी छ । प्रदेशहरूले वार्षिक खर्च अनुमान गरेर यस्तो रकम निकाली बजेट स्रोत देखाएका छन् ।

कोशी प्रदेशले रू तीन अर्ब एक लाख ५० हजार, मधेस प्रदेशले रू १२ अर्ब ९० करोड ११ लाख र लुम्बिनी तथा गण्डकी प्रदेशले समान रू तीन अर्ब बराबर रकम चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौज्दातलाई आगामी आर्थिक वर्षको बजेट स्रोत देखाएको छ ।

आगामी आर्थिक वर्षका लागि रू ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार बराबरको बजेट ल्याएको बागमती प्रदेशले चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट रू १४ अर्ब ४५ करोड ४७ लाख स्रोत व्यहोरिने अनुमान गरेको छ ।

चालु आर्थिक वर्षको विनियोजबाट बचत हुने अनुमानित रू तीन अर्ब ८६ करोड १७ लाख लाई सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट स्रोत देखाएको छ । कर्णाली प्रदेशले चालु आर्थिक वर्षमा खर्च हुन नसकेको रू सात अर्ब ४१ करोड छ लाख पाँच हजार रकमलाई आगामी आर्थिक वर्षको बजेटका रूपमा देखाएको छ ।

त्यस्तै, आन्तरिक ऋण र वैदेशिक अनुदानलाई पनि प्रदेशहरूले बजेट स्रोतका रूपमा देखाएका छन् । आगामी आर्थिक वर्षका लागि कोशी प्रदेशले रू १५ करोड चार लाख ६० हजार र कर्णाली प्रदेशले रू एक करोड ८६ लाख ९० हजार बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको देखिन्छ । त्यस्तै, आन्तरिक ऋणबाट लुम्बिनी प्रदेशले रू एक अर्ब २५ करोड र गण्डकी प्रदेशले रू एक अर्ब ७० करोड बराबर परिचालन हुने अनुमान गरेका छन् ।

### प्रदेशको आफ्नै बैंक

मधेस प्रदेशको आफ्नै वित्तीय संस्था खोल्न आवश्यक पूर्वाधार, अध्ययन अनुसन्धान तथा कानुनी संरचना तयार गर्न रू १० करोड विनियोजन गरेको छ । त्यस्तै, बागमती प्रदेशले पनि छुट्टै वित्तीय संस्थासम्बन्धी व्यवस्था बजेट वक्तव्यमा राखेको छ । 'प्रदेशभित्र वित्तीय साक्षारता र वित्तीय पहुँच अभिवृद्धि गर्न संघीय सरकार, स्थानीय तह, वित्तीय संस्थाहरूसँगको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश विकास बैंक स्थापनाका लागि अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ', बागमती प्रदेशको बजेटमा भनिएको छ ।

### नयाँ आवधिक योजना तयारी :

प्रथम आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेका प्रदेशहरूले नयाँ आवधिक योजनाको तयारीसमेत थालेका छन् । पहिलो पञ्चवर्षिय योजनाको मूल्यांकन गरी आगामी आर्थिक वर्षमा दोस्रो आवधिक योनजा तयार गर्ने विषय प्रदेशको बजेटमा परेको छ । संघीय सरकारले पनि आगामी आर्थिक वर्षमा १६ औं आवधिक योजना तयार पारी कार्यान्वयनमा लैजाने तयारी गरेको छ ।

### समान प्राथमिकता

सबैजसो प्रदेशका बजेटको प्राथमिकतामा मुख्यगरी कृषि, पर्यटन र प्राकृतिक स्रोतको उपयोगलगायतका विषय अटाएका छन् । कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायिकरण, यान्त्रिकरण र बजारीकरणका विषय प्राथमिकतामा परेका छन् भने पर्यटकीय क्षेत्र पहिचान, प्रवर्द्धन तथा नयाँ पर्यटन सर्किटको पहिचान गर्ने विषय बजेटको प्राथमिकतामा परेका छन् । त्यसैगरी, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्लगायत आधार भूत आवश्यता परिपूर्ति गर्ने विषय पनि प्रदेशका बजेटमा परेका छन् ।

# चुस्त राजस्व प्रणालीमा जोड

**कास्की (प्रस)–** गण्डकी प्रदेश सरकारले दिगो, फराकिलो र चुस्त राजस्व प्रणालीमा जोड दिएको छ । अर्थमन्त्री जितप्रकाश आलेले सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्दै राजस्व परिचालन र सुधारका लागि सरकारले दिगो, फराकिलो र चुस्त राजस्व प्रणालीमा जोड दिएको बताए ।

राजस्वका स्रोत र क्षेत्र विश्लेषण, सम्भावित आधारको पहिचान, राजस्व सम्भाव्यता अध्ययन, राजस्व चुहावट नियन्त्रण र राजस्व प्रशासनमा सूचना प्रविधिको अधिकतम उपयोग गरी दिगो, फराकिलो र चुस्त राजस्व प्रणाली विकासमा जोड दिइएको उनले बताए । नेपालको संविधानले तोकोबमोजिम प्रदेशको क्षेत्राधिकारभित्र रही आन्तरिक राजस्वको क्षेत्रमा करका केही दरलाई घटाई अन्य दरलाई यथावत् राखिएको बताउँदै मन्त्री आलेले यसरी कम हुने राजस्वलाई सम्भावित नयाँ क्षेत्रहरूमा राजस्वको दायरा थप गरी परिपूर्ति गर्ने नीति अवलम्बन गरेको बताए ।

कर र गैरकर राजस्व संकलनलाई वस्तुनिष्ट र प्रभावकारी बनाउन राजस्व संकलन गर्ने निकाय परिभाषित गरी ती निकायको यथार्थपरक राजस्वको लक्ष्य निर्धारण गरिने सरकारले जनाएको छ । राजस्व संकलनलाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन राजस्व संकलन गर्ने जिम्मेवार पदाधिकारीबाट सम्पादित कार्यलाई कार्यसम्पादन मूल्यांकनसँग आबद्ध गरिने उनले बताए ।

यातायात सेवाको व्यवस्थापन, सवारी दर्ता नवीकरण, कर भुक्तानी र सवारी चालक अनुमतिपत्रको वितरणलाई सरल, सहज र सर्वसुलभ बनाउन यातायात व्यवस्था कार्यालय र सवारी चालक अनुमतिपत्रलगायत कार्यालय क्रमशः विस्तार गर्दै लगिने सरकारको योजना छ । सेवा प्राप्तिमा आधुनिकीकरण गर्न 'सर्भिस फ्रर्म होम', अनलाइन सेवा प्राप्तिलाई विद्युतीय प्रणालीमार्फत सुदृढीकरण गर्दै लगिने भनिएको छ । जग्गा प्रशासनको कार्यजिम्मेवारी स्थानीय तहमा हस्तान्तरण नहुँदासम्म घरजग्गा रजिस्ट्रेसन, प्रशासनिक सेवा शुल्क र जरिवाना साबिकबमोजिम नै मालपोत कार्यालयबाट संकलन हुने व्यवस्थालाई सरकारले निरन्तरता दिएको छ ।

# बाँसजन्य सामग्री उत्पादनका लागि उद्योग खुल्दै

**तनहुँ–** गरिबी निवारणका लागि तनहुँको आँबुखैरेनी गाउँपालिकाले बाँस र कृषि औजारसम्बन्धी उद्योग स्थापनाको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको छ । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत गाउँपालिकाले बाँस र कृषि औजारका सामग्री उत्पादनका लागि उद्योग स्थापनाको कामलाई तीव्रता दिएको हो ।

बाँस र फलामबाट विभिन्न सामग्री उत्पादनका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा उद्योग स्थापना गर्न लागिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । उनले भने, 'नवीनतम ज्ञान, सीप, सोच र सिर्जनशीलता प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले उद्योग स्थापना गर्न लागेको हो । उद्योग स्थापनाका लागि प्रदेश सरकारले आर्थिक सहयोग गरेको छ ।' आँबुखैरेनी गाउँपालिका-२ मार्कीचोकमा स्थापना हुने उक्त उद्योगका लागि दुई वटा भवन निर्माण गरिएको छ । उद्योगमा आवश्यक उपकरणका लागि खरिद प्रक्रिया सम्पन्न भइसकेको र केही दिनभित्रै उपकरण आइपुग्ने चुमानले जानकारी दिए । 'असार १५ गतेभित्र उद्योगको आवश्यक सबै काम सम्पन्न हुनेछ', उनले भने ।

उद्योगबाट बाँसजन्य सामग्री सोफा, कुर्ची, टेबल निर्माण गरिनेछ । गाउँपालिकाभित्र रहेका विपन्न समुदायलाई घरेलु सीप सिकाएर आयआर्जनसँग जोड्ने लक्ष्य रहेको चुमानको भनाइ छ । चुमानले भने, 'विपन्न समुदायका व्यक्तिलाई सीप सिकाएर प्रविधिसँग अभ्यस्त बनाएर रोजगारमा जोड्ने उद्देश्य हो ।'

उद्योगबाट फलामजन्य सामग्री पनि उत्पादन गरिनेछ । विशेष गरी यहाँबाट कृषि औजार उत्पादन गर्ने तयारी छ । चुमानका अनुसार कृषि उत्पादनका लागि सहयोगी बन्ने खालका आधुनिक यन्त्र उत्पादन गरिनेछ । त्यस्तै सामुदायिक विद्यालयका लागि आवश्यक डेस्क, बेञ्चलगायत सिकाइ सामग्री उद्योगबाट स्थापना गरिनेछ । गाउँपालिका सामुदायिक विद्यालयमा सुधारमा लागिरहेको र सामुदायिक विद्यालयका लागि आवश्यक सामग्री उद्योगबाटै स्थापना हुने चुमानको भनाइ छ । उनले भने, 'उद्योगले यहाँका मानिसलाई रोजगारी त दिनेछ नै हामीले सुरु गरेको सामुदायिक विद्यालय सुधारका लागि पनि सहयोगी बन्नेछ ।'

उद्योगलाई दिगोरूपमा सञ्चालनका लागि कम्पनीको रूपमा विकास गर्ने योजना छ । त्यसका लागि गाउँपालिकाभित्रका वित्तीय संस्था एवं समूहसँग साझेदारी गरिने चुमानले बताए । चुमानका अनुसार उक्त उद्योगमा गाउँपालिकाको ५१ प्रतिशत र अन्यको ४९ प्रतिशत सेयरको व्यवस्था गरिनेछ । चुमानले भने, 'कम्पनीको रूपमा अगाडि बढाउन सके उद्योग दिगोरूपमा सञ्चालनमा सहयोग पुग्नेछ । साउनभित्रै यसलाई मूर्तरूप दिनेछौं ।'

उद्योगको कूल लागत रु दुई करोड एक लाख रहेको छ । त्यसका लागि गण्डकी प्रदेश सरकारले रु एक करोड ४० लाख ७० हजार अनुदान दिएको छ भने गाउँपालिकाले रु ६० लाख ३० हजार लागत साझेदार गर्नेछ । स्थानीय स्रोत र सीपको प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्ने नीतिअन्तर्गत गाउँपालिकाले सबैभन्दा सीमान्तकृत र पिछडिएको भुजेल तथा मगर समुदायका ३४ जनालाई बाँसजन्य सामग्री उत्पादनको तालिम दिइसकेको छ । तालिम लिएकाले बाँसजन्य सामग्री उत्पादन सुरु गरेका छन् ।

उनले भने, 'ती समुदायलाई आयआर्जनमा जोड्ने उद्देश्यसहित बाँसबाट निर्माण गर्न सकिने कुर्ची, सोफालगायत उत्पादन हुन थालिसकेको छ । त्यसको बजारीकरणका लागि पनि उद्योगले सहयोग पुग्नेछ ।' गाउँपालिकाले यस अगाडि घरेलु बाँसबाट डस्टविन बनाउने तालिम पनि दिइसकेको छ । उक्त डस्टविन गाउँपालिकाले नै खरिद गरेर स्थानीय विद्यालयमा वितरण गरेको थियो । मुख्यमन्त्री नवप्रर्तन साझेदारी कार्यक्रममार्फत गाउँपालिकाका सात सय पाँच घरधुरीका तीन हजार पाँच सय २९ जना लाभान्वित हुने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । *रासस*

# विद्युत्गृह बाढीले बगाएपछि अन्धकार याम्फुदिन

**ताप्लेजुङ (प्रस)–** वर्षासँगै आएको बाढीले ताप्लेजुङको सिरिजंगा-८ याम्फुदीनको विद्युतगृह बगाएपछि गाउँ नै अन्धकार भएको छ । शुक्रबार राति परेको वर्षासँगै बाढीले दुई विद्युत्गृह बगाएपछि याम्फुदीन पूरै अन्धकार भएको हो ।

तुम्या खोलाबाट निकालिएको आठ किलोवाट क्षमताको पावरहाउस बाढीले बगाएको सिरिजंघा-८ याम्फुदीनका वडाध्यक्ष कृष्ण गुरुङले बताए । गुरुङका अनुसार काबेली खोलाबाट उत्पादन हुने १५ किलोवाट क्षमताको विद्युतगृहमा समेत क्षति पुगेकाले अहिलेमा विजुली छैन ।

सिरिजंगा गाउँपालिका-८ गाउँलाई याम्फुदीन भनेर चिनिन्छ । यस गाउँमा एक सय ७० घरपरिवार बसोबास गर्दै आएका छन् । दुई विद्युत्गृहले याम्फुदीनलाई उज्यालो दिँदै आएको थियो । गत शुक्रबार दुईवटा विद्युतगृह बाढीले बगाएसँगै गाउँ अन्धकार बनेको याम्फुदीन प्रहरी चौकीका इन्चार्ज प्रहरी हवल्दार विनोद उरावले बताए ।

विद्युतगृह बाढीले बगाएपछि मोबाइल चार्ज गर्नसमेत समस्या भएको स्थानीयको भनाइ छ । विद्युतगृह बाढीले बगाएपछि पावर आपूर्ति नहुँदा याम्फुदीनमा रहेको नेपाल टेलिकमको मोबाइल टावरसमेत बन्द हुने अवस्थामा पुगेको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ